




# देश–विदेशका नेपाली मन जोड्ने पर्व

अमेरिकाको वासिङ्टन डिसी वा केन्टकी होस्, बेलायत (युके)को लन्डन होस्, जापान, अस्ट्रेलिया वा खाडी मुलुकहरु जहाँ नेपाली पुगेका छन्, त्यहाँ दसैंको रातो टीका र पहेँलो जमरा पुगेको छ ।



■ मदनकुमार श्रेष्ठ

> प्रवासमा रहेका नेपालीहरू भन्ने गर्छन्- संसारको जुनसुकै कुनामा रहे पनि रातो टीका र पहेँलो जमरा देख्नेबित्तिकै मातृभूमिको माया र आत्मीयताले हृदय भरिन्छ ।

शरद् ऋतु, सफा नीलो आकाश, सिरसिर चल्ने चिसो हावा । यो दसैं पर्व सम्झाउने मौसम हो । हिलोमैलो सकिएर वातावरणले नयाँ रूप लिँदै गर्दा विजयादशमी अर्थात् बडादसैं आउँछ । बालापानको नेपाल सम्झिएर विदेशमा होस् या नेपालमा उस्तै उल्लासपूर्ण वातावरणमा यो पर्व मनाइन्छ । संसारभर फैलिएका नेपालीका निम्ति यो एउटा चाड मात्र होइन, एउटै भावात्मक सूत्रमा बाँध्ने अजम्बरी सेतु हो । भौगोलिक सीमा, समयको दूरी र फरक परिवेशलाई भुलेर नेपाली मनहरूलाई आपसमा जोड्ने सबैभन्दा ठुलो सांस्कृतिक शक्ति हो ।

ऐतिहासिक रूपमा नेपालभित्र मात्र सीमित रहेको दसैं विस्तारै विश्वव्यापी बन्दै छ । रोजगारी, अध्ययन तथा स्थायी बसाइँसराइका क्रममा विश्वका कुनाकुनामा नेपालीहरू पुगेका छन् । यसकारण दसैं नेपालमा मात्र होइन, सात समुद्रपारि पुगिसकेको छ ।

पंक्तिकार आफैं दसैं मनाउने क्रममै केही वर्षअघि अमेरिका पुगेको थियो । अमेरिकाको वासिङ्टन डिसीमा रहेका केही आफन्तसँग दसैं मनाउँदाको अनुभव छ । अमेरिकाकै केन्टकी, वासिङ्टन डिसी र मेरिल्यान्डमा रहेका आफन्त र साथीभाइसँग दसैं मनाउँदा गरेको अनुभूति छ । त्यहाँ पनि आफन्तहरू एकै ठाउँमा जम्मा भएर भेटघाट गरेर शुभकामना आदानप्रदान गर्ने, विभिन्न संघसंस्थाको नाममा जम्मा हुने गर्दा रहेछन् । एकै ठाउँमा भेला भएर मासु काट्ने, खाना बनाउने, विभिन्न परिकार एकै ठाउँमा बनाएर खाँदै रमाइलो गर्ने हुँदो रहेछ । पंक्तिकारलाई त्यो सम्झना ताजै छ ।

अर्थात्, समुद्रपारिको दसैंको आफ्नै स्वाद छ । अमेरिकाको वासिङ्टन डिसी वा केन्टकी होस्, बेलायत (युके)को लन्डन होस्, जापान, अस्ट्रेलिया, वा खाडी मुलुक, जहाँ-जहाँ नेपाली पुगेका छन्, त्यहाँ दसैंको रातो टीका र पहेँलो जमरा पुगेको छ । ठाउँअनुसार पर्व मनाउने तौरतरिका केही भिन्न हुन सक्छन् । तर नेपाली संस्कृतिको विश्वव्यापीकरण भएको छ । विदेशी भूमिमा रहेका नेपालीहरूले सामूहिक रूपमा भेला भई, जमरा उमारेर, नेपाली परिकार बनाएर र सांगीतिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरेर दसैं मनाउने परम्परा फैलाएका छन् । वर्षभरि भेट्न नपाइएका या नसकिएका आफन्त इष्टमित्र भेट्ने र एकांकीपन भेट्ने मौका पनि दसैंले जुराएको हुन्छ ।



पंक्तिकार अक्सर दसैंको समयमा (यसपटक बाहेक) बेलायतमै हुन्छ । दुई छोरी र परिवार उतै पेसा, व्यवसाय गर्दै रहेकोले उनीहरू प्रायः बेलायतमै रहन्छन् । यसकारण प्रायजसो दसैं, तिहारका बेला नेपालबाट समेत गएपछि सपरिवार बेलायतमै पर्व मनाइन्छ । पंक्तिकार संसारका १८/१९ वटा देश पुगेको छ, घुमेको छ । ती देशमा नेपाली पहिल्यै पुगिसकेका छन् । त्यसक्रममा नेपाली संस्कृतिको कुरा स्वाभाविक हुन्छन् । दसैंको सबैभन्दा सुन्दर पक्ष भनेको पारिवारिक र सामाजिक पुनर्मिलन हो । विदेशमा रहेकाहरू सकेसम्म नेपाल फर्किन्छन् । कोही नेपालबाट विदेशमै पुग्छन् र वर्षभरिको थकाइ, भागदौड र दुःख-कष्टलाई बिर्सेर आफन्तको सामीप्यमा पर्व मनाउँछन् । परिवारसँग मिलन हुन नसके भर्चुअल कुराकानी हुन्छ । साथमा आसपासमा रहेका साथीभाइ जम्मा भएर पर्व मनाउने चलन छ । डायस्पोरा अर्थात्, विदेशमा रहेका नेपाली संघ/संस्था र गैरआवासीय नेपाली एनआरएनएमार्फत पनि सामूहिक जमघट, संस्कृतिको संरक्षण भइराखेको हुन्छ । यसले संसारभर रहेका नेपाली नयाँ पुस्तामा दसैं पर्व हस्तान्तरण पनि गरिरहेको छ ।

नेपालमा रहनेहरूको दसैं रौनक लोभलाग्दो हुने नै भयो । दसैं आउनेबित्तिकै सहर पसेका युवाहरू, छोराबुहारी र दूरदराजमा रहेका आफन्त गाउँ फर्कन्छन् । सुनसान बनेका गाउँघर पुनः जीवित हुन्छन् । नेपाली गाउँघर लिंगेपिङ र रोटेपिङले भरिन्छन् । घर-आँगन लिपपोत, देउराली र चौतारीमा जमघट, रातो माटो र कमेरोले पोतिएका परम्परागत घरहरू आफैंमा रमणीय हुन्छन् । दसैंको समयमा कृषि, व्यापार, यातायात र पर्यटन क्षेत्रमा व्यापक आर्थिक गतिविधि हुन्छ, यसले राष्ट्रिय अर्थतन्त्रलाई समेत चलायमान बनाउँछ । साथै, व्यस्त दिनचर्याबाट विश्राम, सहरबाट गाउँ फर्किनेहरूको भिड, बजारमा नयाँ कपडा र खाद्यान्नको किनमेल, आफन्तको घरमा टीका ग्रहण, यस्तै दृश्य नियाल्दानियाल्दै दसैं सकिन्छ ।

समय र परिस्थितिका कारण सबै नेपाली दसैंमा आफ्नो थातथलो फर्कन सम्भव हुँदैन । विदेशमा रहेकाहरू स्वदेश फर्किन पाउँदैनन् र उनीहरू भएका ठाउँमै नेपालबाट आफन्त पुग्न सम्भव हुँदैन । यस्तोमा प्रविधिको विकास वरदान सावित भएको छ, प्रविधिले भौतिक दूरीलाई भावनात्मक सामीप्यमा बदलिदिएको छ । सात समुद्रपारि रहेका सन्तानलाई आमाबुबाले भिडियो कलमार्फत आशिष दिन्छन् । यसलाई कतिपयले 'डिजिटल टीका' र 'डिजिटल शुभकामना' शब्दले सम्बोधन गर्छन् । मोबाइलको स्क्रिनमा देखिएको आमाबुवाको हातको रातो टीका र जमराले प्रवासी नेपालीको मन अमिलो बनाए पनि, त्यसले सम्बन्ध र स्नेहलाई भने मर्न दिँदैन ।

विविधतामा एकता र सामाजिक सद्भाव नेपालको मौलिक पहिचान हो । यसको उदाहरण नेपालभित्र र संसारभर छरिएर रहेका नेपालीहरूले दसैं मनाउँदै गर्दा अनुभूत गर्न सकिन्छ । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । दसैं बहुसंख्यक नेपाली हिन्दुहरूको मुख्य पर्व भए पनि अन्य समुदायसमेत सामेल हुन्छन् । यसले बहुसांस्कृतिक नेपालको साझा राष्ट्रिय पहिचानको रूप झल्काउँछ ।

दसैंका केही मानक छन्, जसले समाज विकास र निरन्तरतामा समेत योगदान गरिरहेको छ । मान्यजन र ज्येष्ठ नागरिकबाट रातो टीका, जमरा र आशिष ग्रहण गर्ने परम्पराले अनुशासन, श्रद्धा र आदरको संस्कृतिलाई संरक्षण र विस्तार गरिहरहेको छ । छिमेकी, साथीभाइ र इष्टमित्रबीच शुभकामना आदानप्रदान गर्ने, कटुता बिर्सेर मिलाप गर्ने सुन्दर एकता यो पर्वको आफ्नै विशेषता हो ।

नेपालीहरूको यस्तो अनुपम सामाजिक एकता दर्शाउने पर्व दसैंमा युवा र बालबालिकामा उस्तै उत्साह रहने गरेको पाइन्छ । विदेशी भूमिमा हुर्किँदै गरेको नयाँ पुस्तालाई आफ्नो मूल जरो, भाषा र संस्कृतिसँग जोडिराख्न पनि दसैंले मुख्य भूमिका खेलेको छ । प्रवासमा आयोजना गरिने दसैं विशेष कार्यक्रमले बालबालिकालाई नेपाली पहिचान, परम्परा र मूल्य मान्यता बुझ्न सहयोग पुर्‍याउँछ । यसले गर्दा पनि नेपाली संस्कृति विश्वाव्यापी रूपमा फैलिँदै मात्र छैन, अझ मजबुत बन्दै गएको छ ।

अर्थात्, विजयादशमी एउटा पर्व मात्र होइन । यो भौगोलिक रूपमा छरिएका, पेसा व्यवसायमा व्यस्त रहेका र देश-विदेशमा बसेका करोडौं नेपाली मनहरूलाई जोड्ने पर्व हो । दसैंले हरेक नेपालीलाई आफू कहाँ छु भन्ने कुरा बिर्साएर नेपाली को हुन् भन्ने मूल पहिचान सम्झाउँछ । प्रवासमा रहेका नेपालीहरू भन्ने गर्छन्- संसारको जुनसुकै कुनामा रहे पनि रातो टीका र पहेँलो जमरा देख्नेबित्तिकै मातृभूमिको माया र आत्मीयताले हृदय भरिन्छ ।











# फैलिएका नेपाली, फैलिएको दसैं

■ जनक नेपाल

गोर्खा सैनिकका पाइला पछ्याउँदै होस् वा रोजगारी, अध्ययन र व्यवसायको यात्रामा, नेपाली संसारका कुनाकाप्चासम्म पुगेका छन् । उनीहरूसँगै पुगेको छ, भाषा, संस्कृति, परम्परा र दसैं । हङकङदेखि बेलायत, खाडीदेखि अमेरिका र जापानदेखि अस्ट्रेलियासम्म नेपाली समुदाय विस्तार हुँदा दसैं पनि नेपालका सीमाभन्दा बाहिर फैलियो । हजारौं माइल टाढा पुगे पनि टीका, जमरा र पारिवारिक सम्झनाले नेपालीलाई हरेक वर्ष आफ्नै घरतिर फर्काइरहन्छ ।

दसैं आउँदा नेपालमा घर फर्किनेको भिड बढ्छ। विमानस्थल भरिभराउ हुन्छ । बसको टिकट पाउनै मुस्किल हुन्छ । गाउँघरका बाटो र आँगनमा चहलपहल बढ्छ । तर दसैंको रौनक अब नेपालका गाउँसहर र टोलबस्तीमा मात्र सीमित रहेन । लन्डनको नेपाली परिवार टीका र जमरा तयार पार्छ । हङकङमा पुस्तौंअघि पुगेको दसैंको आफ्नै परम्परा छ। खाडीको श्रमिक क्याम्पमा बिदा मिलेको दिन नेपालीहरू भेला भएर दसैं मनाउँछन्। अमेरिकादेखि अस्ट्रेलिया, जापानदेखि दक्षिण कोरिया र युरोपका विभिन्न सहरसम्म नेपाली समुदाय आफ्नो तरिकाले दसैंमा रमाउँछन् ।

यो कुनै चाड विशेषको विस्तार मात्र होइन। यससँग नेपाली जातिको विश्वयात्राको आफ्नै कथा जोडिएको छ । नेपालीहरू वैदेशिक रोजगारीले मात्र विश्वभर फैलिएका होइनन् । गोर्खा भर्ती, व्यापार, शिक्षा, बसाइँसराइ, शरणार्थी पुनर्वास, व्यवसाय र पारिवारिक पुनर्मिलन हुँदै नेपाली समुदाय फैलिएको छ ।

**गोर्खाबाट सुरु विश्वयात्रा**

सन् १८१४-१६ को नेपाल-अंग्रेज युद्धपछि ब्रिटिस पक्ष नेपाली सैनिकको लडाकु क्षमताबाट प्रभावित भयो । त्यसपछि गोर्खा सैनिकलाई ब्रिटिस इस्ट इन्डिया कम्पनीको सेनामा भर्ती गर्ने क्रम सुरु भयो। ब्रिटिस नेसनल आर्मी म्युजियमका अनुसार सन् १८१५ बाट गोर्खा सैनिक ब्रिटिस सैन्य संरचनाको हिस्सा बने । त्यसपछि नेपाली सैनिक भारतबाहिर पनि पुग्न थाले । अफगानिस्तान, बर्मा, मलाया, मध्यपूर्व र अन्य क्षेत्रमा उनीहरूको सैन्य उपस्थिति विस्तार भयो ।

पहिलो विश्वयुद्धमा करिब एक लाख गोर्खा सैनिक सहभागी भएको नेसनल आर्मी म्युजियमको अभिलेख छ। उनीहरू पश्चिमी मोर्चादेखि मेसोपोटामिया, प्यालेस्टाइन, पर्सिया र ग्यालिपोलीसम्म पुगे। दोस्रो विश्वयुद्धमा १ लाख १० हजारभन्दा बढी गोर्खा सैनिक ४० बटालियनमा आबद्ध भएर पश्चिमी मरुभूमि, इटाली, ग्रिस, मलाया, सिंगापुर र बर्मालगायतका युद्धक्षेत्रमा पुगे ।



यसरी सैनिकका रूपमा संसारका विभिन्न भूगोलमा पुगेका नेपालीमध्ये कतिपयले पछि त्यही भूगोललाई आफ्नो नयाँ घर बनाए। उनीहरूले त्यहीँ समुदाय फैलाए। त्यससँगै नेपाली भाषा, खानपान, संगीत, संस्कृति र चाडपर्व पनि फैलिए। दसैं पनि त्यही यात्राको एउटा सांस्कृतिक पदचिह्न बन्न पुग्यो ।

**हङकङदेखि बेलायतसम्म**

हङकङ यसको एउटा पुरानो उदाहरण हो । ब्रिटिस गोर्खा सैनिकको उपस्थितिसँगै हङकङमा नेपाली समुदाय पुग्यो। गोर्खा सैनिकले दसैं मनाउने परम्परा लामो समयदेखि कायम राखे । विभिन्न ऐतिहासिक विवरणले हङकङमा नेपाली शैलीको दसैं मनाउने चलन सन् १९४९ मा पहिलो गोर्खा रेजिमेन्ट पुगेपछि व्यवस्थित भएको देखाउँछ। सैनिक शिविरमा मनाइने दसैं पछि परिवार र समुदायसम्म पुग्यो । अहिले हङकङमा दसैं नेपाली समुदायको सांस्कृतिक पहिचानसँग जोडिएको पर्व बनेको छ।

गोर्खा सैनिककै अर्को ठुलो प्रभाव बेलायतमा देखिन्छ । ब्रिटिस सेनामा सेवा गरेका नेपालीमध्ये ठुलो संख्यामा पूर्वगोर्खा सैनिक र उनीहरूका परिवार बेलायतमा बसोबास गर्न पुगे । सन् २००४ र २००९का नीतिगत परिवर्तनपछि हजारौं पूर्वगोर्खा सैनिक र आश्रित परिवार बेलायतमा बसाइँ सरे । उनीहरूको ठुलो हिस्सा दक्षिणी इंग्ल्यान्डका एल्डरसट, फर्नबरो, ऐसफोर्ड र फोकस्टोनजस्ता क्षेत्रमा बसोबास गर्छन्। त्यहाँ दसैं घरभित्रको पूजा वा टीकामा मात्र सीमित छैन । सामुदायिक भेटघाट, सांस्कृतिक कार्यक्रम, नेपाली खाना र पारिवारिक जमघटसँग जोडिएको छ। ब्रुनाईमा त गोर्खा सैनिकले सैन्य सेवाकै क्रममा दसैं मनाउने गरेका छन् । सैन्य शिविरमा होस् वा अभ्यास र अपरेसनमा, उनीहरूले उपलब्ध अवस्थाअनुसार दसैं मनाउने गरेका थिए । यसले चाडपर्व पनि मानिससँगै यात्रा गर्छ भन्ने देखाउँछ ।

**रोजगारीले फैलाएको समुदाय**

पछिल्ला दशकमा नेपालीको विश्वव्यापी फैलावटको मुख्य कारण श्रम आप्रवासन बनेको छ। विशेषगरी १९९० को दशकपछि वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या तीव्र रूपमा बढ्यो । खाडी मुलुकमा श्रमिकको माग बढ्दै जानु र नेपालले वैदेशिक रोजगारीलाई संस्थागत रूपमा विस्तार गर्नु यसको महत्त्वपूर्ण कारण बन्यो ।

२०७८को राष्ट्रिय जनगणनाअनुसार २१ लाख ९० हजार ५९२ नेपाली विदेशमा छन् । यो कुल जनसंख्याको करिब ७.५ प्रतिशत हो । सात दशकअघि त्यो संख्या करिब १ लाख ९८ हजार थियो । २०६८ को जनगणनामा १९ लाख २१ हजार थियो । खाडी मुलुकहरू साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमान नेपाली श्रम आप्रवासनका प्रमुख गन्तव्य बनेका छन्। सरकारी तथ्यांकअनुसार नेपालबाट श्रमका लागि विदेश जानेमध्ये ८५ प्रतिशतभन्दा बढीको गन्तव्य खाडीका मुलुक हो। सबैभन्दा ठुलो श्रम बजार मलेसिया हो ।

नेपाली डायस्पोरा भने खाडीमा मात्र होइन्। जापान, दक्षिण कोरिया, अस्ट्रेलिया, अमेरिका, क्यानडा, बेलायत र युरोपका विभिन्न मुलुकमा नेपाली समुदाय विस्तार भएको छ। अफ्रिकाका केही मुलुकदेखि ल्याटिन अमेरिका र प्रशान्त क्षेत्रका मुलुकसम्म नेपाली पुगेका छन् । वैदेशिक रोजगार विभागले हाल वैदेशिक रोजगारीका लागि १६८ वटा गन्तव्यलाई मान्यता दिएको सूची राखेको छ । परराष्ट्र मन्त्रालयसँग सम्बद्ध अध्ययनले नेपाली डायस्पोरा ८५भन्दा बढी देशमा फैलिएको देखाउँछ ।

नेपाली समुदाय संसारभर पुग्दा उनीहरूले आफ्नो पासपोर्ट मात्र बोकेर गएनन् । उनीहरूसँग भाषा गयो । गाउँघरका सम्झना गए। गीतसंगीत गयो। खानाका मौलिक परिकार गए। सम्बन्धको संस्कृति गयो। अनि गयो- दसैं। ठाउँअनुसार दसैंको स्वरूप फेरिएको छ। कतै जमरा छरिन्छ। कतै टीकाको समय मिलाइन्छ। कतै कामको पालो सकिएपछि सामूहिक भोजन हुन्छ। कतै घरको आँगनको सट्टा सामुदायिक हलमा टीका लगाइन्छ। कतै मोबाइलको स्क्रिनबाट आमाबुबाको आशीर्वाद पुग्छ। यसको भावना भने एउटै हुन्छ- परिवार, भेटघाट, आशीर्वाद र आफ्नोपन।


















# परदेशमा दसैं : सम्झना, संस्कृति र संघर्ष




■ रेशमराज पौडेल


वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली बिदा नपाउने, परिवारबाट टाढा रहने र आर्थिक कठिनाइबीच पनि दसैं मनाएर आफ्नो संस्कृति जोगाउने प्रयास गर्छन् । सामाजिक सञ्जाल, सांस्कृतिक कार्यक्रम र सामूहिक भेटघाटले घरको न्यास्रो मेटाउँछन् । चाडपर्वमा संयम र सद्भाव कायम राख्दै उनीहरूले नेपालको अर्थतन्त्र र सांस्कृतिक पहिचानमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

नेपालका गाउँघर छाडेर वैदेशिक रोजगारीका लागि विदेश पुगेका लाखौं नेपाली आफ्नो महान् चाड दसैं रमाइलो वातावरणमा मनाउने प्रयासमा छन् । परदेशमा श्रम र संघर्ष गरिरहेका उनीहरू नेपाली हुनुको पहिचान र सांस्कृतिक अस्तित्व जोगाउन अनेक कठिनाइबीच पनि दसैंको झझल्को मेटाउने प्रयास गर्छन् । दसैं भन्नासाथ धेरैलाई बाल्यकालमा आमा-बुबा, साथीभाइ, आफन्त र मान्यजनसँग मनाएका क्षण सम्झना आउँछन् । तल्लो र माथिल्लो घर, पाकेका अम्बा, पहेँलपुर धानखेत, दौतरीसँगको भेटघाट, घण्टौं हिँडेर पुगिने मेला र मायापिरतीका प्रसंग मनमा ताजा हुन्छन् । खेतबारीका धान, घरनजिकैको मन्दिरछेउमा गाडिएको लिंगेपिङ, अभिभावकको हातबाट टीका, जमरा र दक्षिणा थापेको क्षण तथा मिठामिठा परिकारको स्वादले विदेशमा रहेका नेपालीलाई घरको सम्झना दिलाउँछ । तर, फरक संस्कृति भएका मुलुकमा काम गर्ने धेरै नेपालीको मुख्य समस्या दसैंमा बिदा नपाउनु हो । कम्पनीले बिदा नदिँदा कतिपयले दसैंको भोलिपल्ट वा अनुकूल समयमा भेटघाट गरेर चाड मनाउँछन् । कपिलवस्तुको पिपरा घर भई हाल मलेसियामा रहेका नवराज घिमिरे भन्छन्, 'मन आत्तिएर के गर्नु, कम्पनीले बिदा नदिएपछि ।'

**सञ्जालमा खुसी, मनमा न्यास्रो**

परदेशमा रहेका नेपालीले अहिले सामाजिक सञ्जालमार्फत पनि दसैंको सम्झना बाँड्छन् । ह्वाट्सएप, टिकटक र फेसबुकमा आदानप्रदान हुने शुभकामना तथा नेपालका घरआँगनका तस्बिरले उनीहरूलाई भावुक बनाउँछन् । घर फर्किन नपाउँदाको पीडा समेटिएका विरही गीतले पनि धेरैको मन छुन्छन् ।

दसैंका अवसरमा नेपाली संघसंस्थाले नेपालबाट कलाकार बोलाएर सांस्कृतिक कार्यक्रम आयोजना गर्ने गरेका छन् । तर महँगो टिकटका कारण ती कार्यक्रम सबै श्रमिकको पहुँचमा हुँदैनन् । तैपनि भाषा, संस्कृति र संगीतसँग रमाउन तथा कामको थकान बिर्सन धेरै नेपाली टिकट काटेर कार्यक्रममा पुग्छन् ।

घर जान नपाएका कतिपय नेपाली त्यहींका पार्क र क्याफेमा भेटघाट गरेर न्यास्रो मेटाउँछन् । उनीहरू अर्को दसैंमा जसरी भए पनि घर जाने आशा गर्छन् । डेढ वर्षदेखि कतारको सनैयामा रहेका कपिलवस्तुका नवीन घिमिरेलाई गाउँको दसैंको सम्झनाले सताउँछ ।



'झर्झराउँदो जमरा, निधारभरि रातो टीका, दुर्गा भवानीको मन्दिर, बास्ना आउने नयाँ कपडा, लिंगेपिङ, खसीको भुटन, बाबुआमासँगको भलाकुसारी, बुवा र दाजुभाइसँगको ठट्टामस्करी, प्रियसीसँगको मिलन वा दौंतरीको प्रगति, उन्नति एकएक गरेर आँखाअगाडि आउँछन्,' उनी भन्छन्, 'तर यहाँको वास्तविकता बेग्लै छ । कम्पनीको रफ्तारसँगै व्यस्त दैनिकीमा मन नलागे पनि घिस्रिनुपर्छ ।'

विभिन्न देशमा रहेका नेपाली नियोगले पनि दसैं विशेष कार्यक्रम आयोजना गर्छन् । केही श्रमिक दसैंका दिन दूतावास पुगेर राजदूत तथा कर्मचारीबाट टीका र जमरा लगाउँछन् । यस्ता कार्यक्रमले घरबाट टाढा रहेका नेपालीलाई आफ्नो संस्कृति र समुदायसँग जोडिन सहयोग पुऱ्याउँछन् ।

**चाडपर्वमा संयम र सद्भाव आवश्यक**

दसैंमा मासु र मदिरासँगै रमाउने चलनले विदेशमा पनि कहिलेकाहीँ दुःखद घटना निम्त्याउने गरेको छ । सामान्य भनाभनले हिंसाको रूप लिँदा ज्यानै जाने घटना भएका छन् ।

रामेछापका श्याम घिमिरेले संयुक्त अरब इमिरेट्सको अबुधाबीमा नेपालीबीच भएको यस्तै घटनालाई सम्झन्छन् । उनका अनुसार अघिल्लो वर्ष एउटै कम्पनीमा कार्यरत जनकपुरका वीरेन्द्र साहले छुरा प्रहार गर्दा पाँचथरको प्राङ्बुङका रञ्जित खपांगीको ज्यान गएको थियो । अबुधाबीको तन्जिफ्को नामक सरसफाइ कम्पनीमा कार्यरत नेपालीबीच दसैं मनाउने क्रममा भएको सामान्य भनाभनले उग्र रूप लिएको उनले बताए ।

दसैं मनाउने नाममा कामदार बस्ने शिविरमा मदिरा सेवनपछि झगडा हुँदा साथीभाइबीचको सम्बन्ध बिग्रने मात्र होइन, गम्भीर दुर्घटनासमेत निम्तिन सक्छ । नेपाली श्रमिकको मिहिनेतबाट खुसी हुने रोजगारदाता चाडपर्वमा देखिने उच्छृंखल व्यवहारबाट खिन्न हुन सक्छन् । घिमिरे भन्छन्, 'सकेसम्म यस्ता हिंसाका घटनाबाट टाढा रहेर मितव्ययी बनी आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार चाड मनाउने हो भने मन हलुंगो हुन्छ, घर जान नपाएको न्यास्रो मेटिन्छ ।'

**अर्थतन्त्रमा योगदान, संस्कृतिमा पहिचान**

उपलब्ध विवरणअनुसार वैधानिक प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा गएका नेपालीको संख्या ४३ लाख नाघेको छ । रोजगारीका लागि विदेश जाने नेपालीको इतिहास लामो छ । उनीहरूसँगै नेपाली भाषा, संस्कृति र परम्परा पनि विभिन्न देशमा फैलिएका छन् ।

वैदेशिक रोजगारीमा रहेका नेपालीले नेपालको आर्थिक तथा सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनीहरूले पठाउने विप्रेषणले परिवारको जीविकोपार्जन, शिक्षा र स्वास्थ्यमा सहयोग पुऱ्याउनुका साथै राष्ट्रिय अर्थतन्त्रमा पनि ठूलो भूमिका खेलेको छ । नेपालको कुल गार्हस्थ उत्पादनमा विप्रेषणको योगदान करिब ३० प्रतिशत रहेको उल्लेख गरिन्छ ।

तर विदेशमा रहेका सबै नेपालीको दसैं अनुभव एउटै छैन । कतिपय जन्मघर र आफन्तको सम्झनाले भावुक हुन्छन् भने कतिपय देशको प्राकृतिक विपत्ति वा बिग्रँदो राजनीतिक तथा सामाजिक वातावरण सम्झेर खिन्न हुन्छन् । उनीहरूका आकांक्षा र अनुभूति देश, काम र परिस्थितिअनुसार फरक हुन्छन् ।

भनिन्छ- शास्त्र हराए संस्कृति हराउँछ, संस्कृति हराए परम्परा हराउँछ र परम्परा हराए पहिचान कमजोर हुन्छ । परदेशमा रहेका अधिकांश नेपालीले कठिन परिस्थितिमा पनि दसैं मनाएर आफ्नो भाषा, संस्कृति र परम्परा जोगाउने प्रयास गरिरहेका छन् । उनीहरूका लागि दसैं मनोरञ्जनको अवसर मात्र होइन, जन्मभूमि, परिवार र नेपाली पहिचानसँग जोडिइरहने माध्यम पनि हो ।


























# रेमिट्यान्स : परिवार धान्नेदेखि अर्थतन्त्र बदल्ने पुँजीसम्म



■ रमेशकुमार पोखरेल

❝ नेपालमा रेमिट्यान्सको आकार लगातार बढे पनि त्यसअनुरूप आर्थिक वृद्धि हुन सकेको छैन । समस्या रेमिट्यान्स भित्रिनुमा होइन, यसको उपयोगमा छ । अब विदेशबाट आएको रकम उपभोग र घरजग्गामा सीमित नराखी उत्पादन, उद्यम, रोजगारी र निर्यातसँग जोड्नुपर्ने आवश्यकता छ ।

नेपालमा हरेक वर्ष विभिन्न मुलुकबाट खबौं रुपैयाँ विप्रेषण (रेमिट्यान्स) भित्रिन्छ । आफ्नो उर्वर समय परिवारबाट टाढा रहेर, कतिपय अवस्थामा जीवनकै जोखिम मोलेर बिदेसिएका नेपालीले पठाएको यही रकमले लाखौं परिवारको दैनिकी धानेको छ । यसले मुलुकको बाह्य क्षेत्रलाई समेत ठुलो आधार दिएको छ । तर रेमिट्यान्सको आकार बढ्दै गए पनि त्यसअनुरूप अर्थतन्त्रले अपेक्षित गति लिन सकेको छैन । विभिन्न अध्ययनले रेमिट्यान्सको ठुलो हिस्सा उपभोग र अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको देखाएका छन् । कतिपय अवस्थामा यसले पारिवारिक र सामाजिक समस्या पनि निम्त्याएको चर्चा हुने गरेको छ । त्यसैले अहिलेको मूल प्रश्न रेमिट्यान्स कति भित्रियो भन्ने मात्र होइन, भित्रिएको रकमले अर्थतन्त्रमा कस्तो परिणाम दियो भन्ने हो । रेमिट्यान्स किन उत्पादन, रोजगारी र आर्थिक वृद्धिको बलियो आधार बन्न सकेन ? समस्याको गाँठो कहाँ छ ? समाधानका उपाय के हुन् र यसका लागि जिम्मेवार निकाय कुन-कुन हुन् ? यी प्रश्नको उत्तर खोज्नु आवश्यक छ ।




**रेमिट्यान्स बढ्यो, अर्थतन्त्र किन बढेन ?**

नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७२/७३ मा नेपालले ६६५ अर्ब ६ करोड रुपैयाँ रेमिट्यान्स प्राप्त गरेको थियो । आव २०७९/८० मा यो बढेर १,२४० अर्ब ६९ करोड र आव २०८०/८१ मा १,४४५ अर्ब ३२ करोड रुपैयाँ पुग्यो । आव २०८१/८२ मा रेमिट्यान्स अझ बढेर १,७२३ अर्ब २७ करोड रुपैयाँ पुगेको छ ।

तर रेमिट्यान्स वृद्धिदर र आर्थिक वृद्धिदरबीच प्रत्यक्ष समानुपातिक सम्बन्ध देखिँदैन । उदाहरणका लागि, आव २०७९/८० मा रेमिट्यान्स २३.२ प्रतिशतले बढ्दा वास्तविक आर्थिक वृद्धिदर १.९८ प्रतिशतमा सीमित रह्यो । त्यस्तै, आव २०८१/८२ मा रेमिट्यान्स १९.२ प्रतिशतले बढेर १,७२३ अर्ब रुपैयाँभन्दा माथि पुगे पनि आर्थिक वृद्धिदर ४.६१ प्रतिशत मात्र रह्यो । सो वर्ष रेमिट्यान्स कुल गार्हस्थ उत्पादनको करिब २८ प्रतिशत हाराहारीमा पुगेको थियो ।

अर्कोतर्फ, आव २०७३/७४ मा रेमिट्यान्स वृद्धिदर ४.६ प्रतिशत मात्र हुँदा आर्थिक वृद्धिदर ८.९८ प्रतिशत थियो । आव २०७६/७७ मा रेमिट्यान्स सामान्य घटेको अवस्थामा आर्थिक वृद्धिदर ऋणात्मक २.३७ प्रतिशत भयो, जसमा कोभिड-१९ लगायतका कारणको प्रभाव थियो । यसले पनि रेमिट्यान्सको आकार मात्र बढ्दैमा आर्थिक वृद्धि स्वतः बढ्दैन भन्ने देखाउँछ ।

समस्याको एउटा प्रमुख पक्ष रेमिट्यान्सको उपयोग हो । विदेशबाट आएको रकमको ठुलो हिस्सा घर निर्माण, शिक्षा, स्वास्थ्य, जग्गा खरिद र दैनिक उपभोगमा खर्च हुने गरेको छ । यसले परिवारको जीवनस्तर सुधार्न सहयोग गरे पनि कृषि, उद्योग र सेवाक्षेत्रको उत्पादन क्षमता त्यही अनुपातमा बढ्न सकेको छैन । अर्थात् आम्दानी बढेको छ, तर उत्पादन क्षमता सोही अनुपातमा विस्तार हुन सकेको छैन ।

रेमिट्यान्सले परिवारको क्रयशक्ति बढाउँछ । तर बढेको मागको ठुलो हिस्सा आयातित वस्तुले पूरा गर्छ । रेमिट्यान्सबाट आएको बिदेसी मुद्रा आयात भुक्तानीका रूपमा फेरि बाहिरिन्छ । आयातमा पुँजीगत वस्तुको हिस्सा पर्याप्त बढ्न नसक्दा त्यसले दीर्घकालीन उत्पादन र मूल्य अभिवृद्धिमा अपेक्षित योगदान दिन सकेको छैन ।

अर्को समस्या बचत र लगानीबीचको सम्बन्धमा छ । बैंकिङ प्रणालीमा निक्षेप बढे पनि उत्पादनशील क्षेत्रमा कर्जाको माग र लगानी पर्याप्त छैन । नीतिगत अनिश्चितता, प्रशासनिक झन्झट र व्यवसाय सञ्चालनको उच्च लागतले निजी लगानीलाई प्रभावित गरेको छ । रेमिट्यान्सबाट सिर्जित पुँजी घर-जग्गामा बढी केन्द्रित हुँदा सम्पत्ति सिर्जना भए पनि प्रत्यक्ष उत्पादन र रोजगारीमा त्यसको योगदान सीमित हुन सक्छ । विदेशबाट फर्किएका श्रमिकसँग सीप, प्रविधि र व्यवस्थापकीय अनुभव हुन्छ । तर उनीहरूले विदेशमा सिकेको सीपलाई स्वदेशी उद्योग र उद्यमसँग जोड्ने प्रभावकारी संयन्त्र अझै कमजोर छ । त्यस्तै, सडक, ऊर्जा, सिँचाइ, औद्योगिक क्षेत्र र डिजिटल पूर्वाधारको विकास अपेक्षित गतिमा नहुँदा निजी लगानीको लागत बढेको छ । कमजोर पूर्वाधारले उत्पादन र प्रतिस्पर्धात्मक क्षमता पनि घटाएको छ ।

**रेमिट्यान्सलाई उत्पादनसाग जोड्ने बाटो**

अबको रणनीति केवल 'रेमिट्यान्स भित्र्याउने' हुनु हुँदैन, 'रेमिट्यान्सलाई उत्पादनमा रूपान्तरण गर्ने' हुनुपर्छ । कृषि, पर्यटन, उद्योग, सूचना प्रविधि तथा साना-मझौला उद्यममा लगानी आकर्षित गर्न आवश्यक छ । उत्पादनमूलक उद्यमका लागि सहुलियतपूर्ण कर्जा, व्यावसायिक परामर्श र बजार पहुँच उपलब्ध गराउनुपर्छ । कृषि प्रशोधन, खाद्य उद्योग, औषधि, कपडा र निर्माण सामग्रीजस्ता क्षेत्रमा आयात प्रतिस्थापन तथा निर्यातमुखी उत्पादन बढाउन सकिन्छ ।

यसका लागि उद्योग तथा व्यवसाय दर्ता, कर, अनुमति र नियामकीय प्रक्रिया सरल हुनुपर्छ । उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह सहज बनाउँदै लगानीकर्तालाई स्थिर र पूर्वानुमेय नीतिगत वातावरण दिनुपर्छ । प्रवासी नेपाली बचतपत्र, पूर्वाधार बन्ड तथा रेमिट्यान्स लगानी कोषजस्ता वित्तीय साधनलाई थप पारदर्शी र आकर्षक बनाउन सके प्रवासी नेपालीलाई परियोजनामुखी लगानीमा जोड्न सकिन्छ ।

त्यस्तै, फर्किएका श्रमिकको सीप प्रमाणीकरण र अभिलेखीकरण गरी उनीहरूलाई उद्यमशीलता तालिम, सहुलियतपूर्ण कर्जा, प्रविधि र बजारसँग जोड्नुपर्छ । विदेशमा सिकेको सीप र प्रविधिलाई स्वदेशी उद्योगमा हस्तान्तरण गर्ने वातावरण बनाउन आवश्यक छ । रेमिट्यान्सलाई उत्पादनशील पुँजीमा बदल्न सरकारी पुँजीगत खर्चको प्रभावकारिता पनि बढाउनुपर्छ । आयोजना छनोट, जग्गा व्यवस्थापन, सार्वजनिक खरिद र निर्माण व्यवस्थापनमा रहेका नीतिगत तथा संरचनागत समस्या समाधान गर्नुपर्छ । पूर्वाधार आयोजनालाई निजी लगानी र उत्पादनसँग जोड्ने नीति आवश्यक छ ।

यसका लागि सरकार, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र र स्थानीय तहको भूमिका स्पष्ट हुनुपर्छ । सरकारले उपयुक्त नीति र पूर्वाधार तयार गर्ने, राष्ट्र बैंकले सहयोगी मौद्रिक नीति तथा वित्तीय परिचालन गर्ने, बैंक तथा वित्तीय संस्थाले उत्पादनशील कर्जा विस्तार गर्ने र निजी क्षेत्रले लगानी तथा उद्यम विस्तार गर्नुपर्छ । स्थानीय तहले स्थानीय उत्पादनको बजार, वितरण र उद्यम सहजीकरणमा भूमिका खेल्न सक्छन् ।

अन्ततः रेमिट्यान्सबाट बचत, बचतबाट उत्पादनशील लगानी, लगानीबाट उद्यम र पूर्वाधार, त्यसबाट उत्पादन र रोजगारी, रोजगारीबाट आय तथा निर्यात र अन्ततः आर्थिक वृद्धि हुने चक्र निर्माण गर्नुपर्छ ।

नेपालको मूल समस्या रेमिट्यान्स भित्रिनु होइन, त्यसलाई उत्पादन, पुँजी निर्माण र रोजगार ीसँग जोड्न नसक्नु हो । अबको अर्थतन्त्र विदेशमा श्रम निर्यात गरेर आम्दानी ल्याउने मात्र होइन, त्यही आम्दानीलाई स्वदेशमै पुँजी, उद्यम, उत्पादन, रोजगारी र निर्यातमा रूपान्तरण गर्ने हुनुपर्छ । त्यसो गर्न सके मात्र रेमिट्यान्स परिवार धान्ने आम्दानीबाट अर्थतन्त्र बदल्ने पुँजी बन्न सक्छ ।

*(लेखक पोखरेल नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।)*



















# अफ्रिकाभरि फैलिँदै छ दसैं



हिक्मत थापा
नाइजेरिया

"नाइजेरियाको सबैभन्दा ठूलो नेपाली समुदाय रहेको लागोसमा मात्र होइन, अबुजा र कानोलगायत नेपाली रहेका अन्य सहरमा पनि दसैं सामूहिक रूपमा मनाउने परम्परा विकास भएको छ । यसरी नाइजेरियामा दसैं अब निजी पारिवारिक पर्व मात्र नभई नेपाली समुदायको साझा सांस्कृतिक उत्सव बन्न पुगेको छ ।

नेपाली जहाँ पुगे, त्यहाँ नेपाली संस्कृति पनि पुगेको छ । भाषा, वेशभूषा, खानपिन, चाडपर्व र परम्पराले संसारभर छरिएको नेपाली समुदायलाई आफ्ना जरा र मातृभूमिसँग जोडिराखेको छ । नेपाली डायस्पोराको विस्तारसँगै दसैं पनि नेपालको भूगोलबाट बाहिर निस्केर विश्वभर पुगेको छ । अफ्रिका महादेशमा पनि नेपाली समुदायको विस्तारसँगै दसैं सामूहिक भेटघाट, टीका-जमरा, खानपिन र आत्मीयताको पर्वका रूपमा स्थापित हुँदै गएको छ । नाइजेरियामा नेपालीहरू फाट्टफुट्ट आउन थालेको १९८० को दशकदेखि देखिन्छ । त्यसबेला आउने नेपालीहरू प्रायः संयुक्त राष्ट्रसंघ वा अन्य अन्तर्राष्ट्रिय निकायमा छोटो अवधिका लागि काम गर्न आउने कर्मचारीहरू थिए । उनीहरूको बसाइ लामो नहुने भएकाले त्यतिबेला कुनै संगठित नेपाली समुदायको स्वरूप भने देखिँदैनथ्यो ।

सन् २००० पछि भने अवस्था बिस्तारै बदलिन थाल्यो । भारतीय मूलका व्यवसायीहरूले नाइजेरियामा उद्योग, व्यापार, होटल तथा रेस्टुरेन्ट व्यवसाय विस्तार गर्दै जाँदा भारत हुँदै नेपाली प्राविधिक कर्मचारी, सेफ तथा अन्य दक्ष जनशक्ति नाइजेरिया आउने क्रम बढ्यो । यसरी नाइजेरियाका विभिन्न सहरमा नेपालीहरू छरिएर बस्न थाले ।

म सन् २००६ मा नाइजेरिया आएपछि नेपालीलाई खोज्ने र जोड्ने प्रयासमा लागेँ । त्यस क्रममा एक्लाएक्लै वा दुई-चारजनाको समूहमा रहेका नेपालीहरू क्रमशः सम्पर्कमा आउन थाले । पहिलो वर्षमै करिब ३०-४० जना नेपालीसँग सम्पर्क स्थापित भयो । त्यो परदेशमा हराउँदै गएको आफ्नोपन भेटिने सुरुवात पनि थियो । नाइजेरियामा नेपालीहरूले सामूहिक रूपमा दसैं मनाएको पहिलोपटक सन् २००७ मा हो । त्यो वर्ष अपापा, लागोसस्थित मेरो घरमा नेपालीहरू जम्मा भएर दसैं मनाएका थियौं ।

उमेरले ज्येष्ठ देहरादुनका पंकज थापा दाइ र टिना थापा भाउजूले त्यस दिन यहाँ रहेका नेपालीहरूका अभिभावकको भूमिका निर्वाह गर्दै सबैलाई टीका र जमरा लगाइदिनुभएको थियो । पूजापाठ र मन्त्रोच्चारणको जिम्मेवारी हेटौंडाका विष्णु गौतमले लिनुभएको थियो । उहाँ त्यसबेला नाइजेरियाको एउटा प्याकेजिङ उद्योगमा प्राविधिकका रूपमा काम गर्नुहुन्थ्यो । उहाँ नेपालमा पुरोहित परिवारमा हुर्किनुभएको रहेछ र पूजा तथा कर्मकाण्डमा राम्रो ज्ञान राख्नुहुन्थ्यो । त्यसैले परदेशमा पुरोहित खोज्नुपर्ने अवस्था पनि परेन ।



त्यो पहिलो सामूहिक दसैंमा ३० जनाभन्दा बढी नेपाली जम्मा भएका थियौं । टीका र जमरा, सेलरोटी, मासुभात र सामूहिक खानपिनले त्यो दिनलाई विशेष बनाएको थियो । त्यसले हामीलाई केही समयका लागि भए पनि नेपाल फर्किएजस्तो अनुभूति दिलाएको थियो ।

मेरो घरबाट सुरु भएको त्यो सामूहिक दसैंको परम्परा त्यसपछि निरन्तर रह्यो । दसैंमा नेपाल नजाने नेपालीहरूमध्ये कसै न कसैको घरमा विजयादशमीको दिन सामूहिक टीका र भेटघाट गर्ने चलन बस्यो । घर फेरिँदै गए, मानिसहरू थपिँदै गए, तर दसैंको आत्मीयता उस्तै रह्यो ।

टीका र जमरा ग्रहणपछि खानपिन, गीत-संगीत, नृत्य र रमाइलो गरिन्छ । एकअर्कालाई शुभकामना दिने, परदेशमा रहेका आफ्ना सुख-दुःख सुनाउने, नेपालमा भएका परिवारका खबर लिने र देशका समसामयिक विषयमा छलफल गर्ने क्रम पनि चल्छ । कसैले नेपालको गाउँको दसैं सुनाउँछन्, कसैले सहरको । कसैले तराई-मधेशको परम्परा सुनाउँछन्, कसैले कर्णाली र सुदूरपश्चिमका चलन । भारतको आसामदेखि देहरादूनसम्म फैलिएको नेपाली समुदायका अनुभव पनि त्यस्ता भेटघाटमा जोडिन्छन् । यसरी एउटा सानो परदेशी जमघटभित्र नेपाली समुदायको ठुलो सांस्कृतिक विविधता भेटिन्छ ।

नाइजेरियाको सबैभन्दा ठुलो नेपाली समुदाय रहेको लागोसमा मात्र होइन, अबुजा र कानोलगायत नेपालीहरू रहेका अन्य सहरमा पनि दसैं सामूहिक रूपमा मनाउने परम्परा विकास भएको छ । यसरी नाइजेरियामा दसैं अब निजी पारिवारिक पर्व मात्र नभई नेपाली समुदायको साझा सांस्कृतिक उत्सव बन्न पुगेको छ ।

**अफ्रिकाभरि फैलिँदै दसैं**

नाइजेरियाको कथा अफ्रिकामा फैलिएको नेपाली डायस्पोराको एउटा सानो प्रतिनिधि कथा मात्र हो । आज नेपालीहरू अफ्रिकाका धेरै देशमा पुगेका छन् । दक्षिण अफ्रिकादेखि मेडागास्कर, बोत्स्वाना, मदागास्कर, कंगो, युगान्डा, रुवान्डा, केन्या, तान्जानिया र सेसेल्ससम्म नेपाली समुदाय भेटिन्छन् । पूर्वी र मध्य अफ्रिकादेखि पश्चिम अफ्रिकाका घाना, नाइजेरिया, आइभोरी कोस्ट हुँदै सेनेगल र उत्तरतर्फ मोरक्कोसम्म नेपालीहरूको उपस्थिति विस्तार हुँदै गएको छ । अफ्रिकामा नेपाली डायस्पोरा विस्तार हुँदै जाँदा दसैं नेपाली समुदायलाई जोड्ने एउटा महत्त्वपूर्ण सांस्कृतिक सेतु पनि बनेको छ ।

आज अफ्रिकाका विभिन्न देशमा नेपालीहरू आफ्नै शैलीमा दसैं मनाइरहेका छन् । कतै ठुलो जमघट हुन्छ, कतै केही परिवार मात्र हुन्छन् । कतै घरमा हुन्छ, कतै रेस्टुरेन्ट-होटेलमा । तर सबैको मनमा एउटै भावना हुन्छ- नेपाल टाढा होला, नेपालीपन टाढा हुनु हुँदैन ।

*-लागोस, नाइजेरिया*























# घरको सम्झना र आफ्नै अनुभूति



शर्मिला रानाभाट
क्यानडा

> दसैंमा दक्षिणा दिन नयाँ क्यानेडियन नोट साट्न बैंक पुगेकी थिएँ । त्यही साता धेरै नेपाली साना नोट साट्न आएका रहेछन् । बैंकका कर्मचारीले सोधे, ‘ यो हप्ता धेरै नेपाली ग्राहक साना नोट साट्न आउनुभएको छ । कुनै विशेष कारण हो ?’ मैले मुस्कुराउँदै भनें, ‘हो, दसैं आउँदै छ ।’

काठमाडौंमा रहेका देवर-देउरानीकी सानी छोरीसँग कुरा गर्दै थिएँ । कुराकानीकै क्रममा उनले अचानक सोधिन्, ‘हजुरहरू दसैंमा कहिल्यै पनि नेपाल नआउनुहुने किन हो ?’

उनको त्यो सरल प्रश्नले एकछिन मन छोयो । सुन्नासाथ मन नेपाल पुग्यो- घरको आँगनमा, आफन्तको भिडमा, बाल्यकालका ती दसैंका सम्झनामा ।

हुन पनि दसैंमा नेपाल नजानु हाम्रो रहर होइन, परिस्थितिले बनाएको दूरी हो । हाम्रो परिवारले नेपाल छोडेको यही अक्टोबर ४ मा १२ वर्ष पुगेछ । दसैंको भोलिपल्टै देश छोडेर हिँडेको त्यो दिन आज पनि सम्झनामा ताजै छ ।

आज हामी नेपालबाट करिब १० हजार ७०० किलोमिटर टाढा क्यानडामा छौं । आउजाउमै कम्तीमा चार दिन लाग्ने भएकाले चाहेर पनि चाडपर्वमा नेपाल पुग्न सहज छैन । सायद त्यसैले होला, परदेशमा दसैं अलि बढी भावुक हुन्छ ।

बाल्यकालको दसैं

दसैं सम्झिनासाथ बाल्यकाल आँखाअगाडि आउँछ । त्यतिबेला दसैं भनेकै नयाँ लुगा, निधारभरि रातो टीका, कानपछाडि जमरा, आफन्तको घरमा जाने, दक्षिणा थाप्ने र दिनभर रमाउने समय थियो । अहिले सम्झिँदा लाग्छ- आशीर्वादभन्दा दक्षिणाकै मोह बढी थियो कि !

जसले धेरै दक्षिणा दिनुहुन्थ्यो, उहाँको घर छुटाउन्नथ्यौं । साँझ सबैजना जम्मा भएपछि कसले कति दक्षिणा पायो भनेर पैसा गनिन्थ्यो । धेरै पाउनेसँग अलि डाहा र कम पाउनेलाई हेरेर मनमनै खुसी हुने बालसुलभ रमाइलो पनि दसैंकै हिस्सा थियो ।

मेरो बाल्यकालको दसैं पोखराको घर र मामाघरतिर बित्यो । कामका सिलसिलामा टाढा रहने बुबाआमा पनि दसैंमा घर फर्किनुहुन्थ्यो । उहाँहरू आएपछि घरको रौनक नै अर्कै हुन्थ्यो । आफन्त भेटघाट, घरको चहलपहल र आँगनदेखि भान्सासम्मको उत्साहले दसैंलाई विशेष बनाउँथ्यो ।

विवाहपछि दसैंको अर्थ फेरियो । उत्साहसँगै जिम्मेवारी थपियो । दुर्गा पूजा, घर सफा गर्ने, नयाँ लुगा किन्ने, खसीको चाँजोपाँजो मिलाउने, नयाँ पैसा साट्ने, मिठामिठा परिकार बनाउने र



आफन्तसँग भेटघाट गर्ने क्रम चल्थ्यो ।

परिवारसँग बसेर तास खेल्नु पनि दसैंको रमाइलो थियो । ‘म्यारिज’ त मैले विवाहपछि नै सासूससुरा, श्रीमान्, देवर र अमाजूहरूबाट सिकेकी हुँ । आज पनि त्यो खेल सम्झिँदा परिवारसँग बिताएका ती दिन सम्झिन्छु ।

परदेशको दसैं

आज हामी परदेशमा छौं । यहाँको दसैं नेपालमा बिताएको दसैंजस्तो कहाँ हुन्छ र ! दसैं नजिकिँदै जाँदा घर, परिवार, आफन्त, टीका, जमरा, खानपिन र गाउँघरको माहोल झन् सम्झना आउँछ । क्यानडामा दसैंका लागि नेपालमा जस्तो सार्वजनिक बिदा हुँदैन । त्यसैले काम र छुट्टी मिलाएर चाड मनाउनुपर्छ ।

तर दसैं नजिकिँदै गएपछि नेपाली समुदायमा छुट्टै चहलपहल सुरु हुन्छ ।

सप्ताहान्तमा साथीभाइ र परिवारसँग भेटघाट, खानपिन, टीका र कहिलेकाहीँ तास खेल्ने क्रम चल्छ । नवरात्रिमा घरमा चण्डी पाठ गर्ने, मन्दिर जाने र पूजा गर्ने गर्छौं । नेपालमा जस्तो बुबाआमा र आफन्तको हातबाट टीका लगाउन नपाए पनि फोन र भिडियो कलमार्फत जोडिन्छौं । अनुहार हेर्छौं, शुभकामना दिन्छौं र ठुलाबडाको आशीर्वाद लिन्छौं ।

क्यानडामा नेपाली समुदाय पनि विस्तार हुँदै गएको छ । नेपाली पसलमा मसलादेखि चाडपर्वका सामग्रीसम्म पाइन थालेका छन् । विभिन्न संघसंस्थाले दसैं, तिहार, तिजजस्ता पर्व सामूहिक रूपमा मनाउँछन् । सांस्कृतिक कार्यक्रम, भेटघाट र कहिलेकाहीँ नेपालबाट कलाकार बोलाएर गरिने कार्यक्रमले परदेशमा पनि नेपालीपनको अनुभूति गराउँछ ।

तर परदेशको दसैंको सबैभन्दा ठुलो अर्थ अर्को पुस्तालाई आफ्नो भाषा, संस्कृति र पहिचानसँग जोडिराख्नु हो । क्यालगरीमा नेपाली भाषा र संस्कृति संरक्षणका लागि दुईवटा नेपाली पाठशाला सञ्चालनमा छन् । त्यहाँ बालबालिकाले भाषा सिक्नुका साथै जमरा राख्ने, टीका लगाउनेलगायतका परम्परा पनि सिक्छन् ।

हिजो सासूआमासँग भिडियो कलमा कुरा हुँदा भन्दै हुनुहुन्थ्यो, ‘अब त दसैंको चटारो सुरु भइसक्यो । दक्षिणाका लागि नोट साट्न पनि ढिला भइसक्यो ।’ उहाँको कुरा सुन्नासाथ केही वर्षअघिको एउटा घटना सम्झिएँ । दसैंमा दक्षिणा दिन नयाँ क्यानेडियन नोट साट्न बैंक पुगेकी थिएँ । त्यही साता धेरै नेपाली साना नोट साट्न आएका रहेछन् ।

बैंकका कर्मचारीले सोधे, ‘यो हप्ता धेरै नेपाली ग्राहक साना नोट साट्न आउनुभएको छ । कुनै विशेष कारण हो ?’

मैले मुस्कुराउँदै भनें, ‘हो, दसैं आउँदै छ ।’ उहाँलाई दसैंबारे खासै थाहा रहेनछ । मैले टीका, जमरा, आशीर्वाद र दक्षिणाको हाम्रो परम्पराबारे छोटकरीमा बताएँ ।

समय, परिस्थिति र जिम्मेवारीले हामीलाई देश र आफन्तबाट टाढा राखेको छ । तर एउटा कुरा निश्चित छ- हामी जहाँ भए पनि दसैं आउँदा मन भने नेपालमै पुग्छ । घरको आँगनमा, बुबाआमाको सम्झनामा । आफन्तको बीचमा, टीका र जमराको आत्मीयतामा ।

सायद यही हो- परदेशको दसैं ।

*हाल : क्यालगरी, क्यानडा*










# तस्बिरमा दसैं, मनमा घर




डा. रोहिणी देवकोटा
*अष्ट्रेलिया*


> करिब १५ वर्षअघि म श्रीमती र एक सन्तानसहित अस्ट्रेलिया आएको थिएँ । अध्ययन र परिवारको भविष्य सुरक्षित बनाउने सपना थिए । तर भविष्य निर्माण गर्ने यात्रामा वर्तमानका क्षण पनि पछाडि छुट्दा रहेछन् । उपलब्धि थपिँदै जाँदा पनि मनले खोज्ने कुरा उस्तै रहन्छन्- आमाबुबाको सान्निध्य, दाजुभाइ तथा दिदीबहिनीसँगको आत्मीयता र गाउँघरको परिचित वातावरण ।

मेरो गाउँमा दसैं आउनु भनेको वातावरण नै बदलिनु हो । वर्षायाम सकिएपछि घरआँगन सफा गरिन्थ्यो, घर मर्मत गरिन्थ्यो र घटस्थापनामा जमरा राखिएसँगै रौनक सुरु हुन्थ्यो । नयाँ लुगा किन्ने योजना बन्थ्यो । टाढा पुगेका छोराछोरी घर फर्कने तयारी गर्थे भने आमाबुबा उनीहरू आउने बाटो हेरेर बस्थे ।

बाल्यकालमा दसैं उमंग र आत्मीयताको पर्व थियो । आफन्तको जमघट, ठुलाबडाको आशीर्वाद र परिवारसँगका हाँसोठट्टाले चाडलाई अविस्मरणीय बनाउँथे । खुसी आफ्ना मानिससँगै हुन पाउनुमा भेटिन्थ्यो ।

अस्ट्रेलियामा दसैं आउँदा दैनिक जीवन सामान्य चलिरहे पनि मन नेपालका घरआँगन, आमाबुबा र पुराना दसैंमा पुग्छ । खुसी मनाउने अवसर आए पनि त्यसलाई पूर्ण बनाउने सबै मानिस साथमा हुँदैनन् । यही प्रवासी दसैंको गहिरो पीडा हो ।

करिब १५ वर्षअघि म श्रीमती र एक सन्तानसहित अस्ट्रेलिया आएको थिएँ । अध्ययन र परिवारको भविष्य सुरक्षित बनाउने सपना थिए । तर भविष्य निर्माण गर्ने यात्रामा वर्तमानका क्षण पनि पछाडि छुट्दा रहेछन् । दूरीले देश मात्र टाढा बनाउँदैन, प्रियजनसँग बिताउन पाइने समय पनि सीमित बनाउँछ । उपलब्धि थपिँदै जाँदा पनि मनले खोज्ने कुरा उस्तै रहन्छन्-आमाबुबाको सान्निध्य, दाजुभाइ तथा दिदीबहिनीसँगको आत्मीयता र गाउँघरको परिचित वातावरण ।

दसैं नजिकिँदा सामाजिक सञ्जालमा नेपालका घरआँगनका तस्बिर देखिन्छन् । कतै आमाबुबाको हातबाट टीका लगाइरहेका छोराछोरी हुन्छन्, कतै आफन्तको भेटघाट र अँगालोमा आत्मीयता झल्किएको हुन्छ । ती तस्बिर हेर्दा खुसी लाग्छ, तर केही क्षणपछि मन चसक्क दुख्छ । आँखाले तस्बिर हेरिरहेको हुन्छ, मन भने आफ्नै घरको आँगनमा पुगिसकेको हुन्छ ।



मोबाइलमा आमाबुबाको अनुहार र फोनमा आवाज सुनिन्छ, तर न्यानो स्पर्श महसुस गर्न सकिँदैन । 'सबै ठीक छ, आफ्नो ख्याल गर' भन्ने शब्दपछाडि माया र प्रतीक्षा लुकेको हुन्छ । दुवैतर्फ भेट्ने चाहना भए पनि बीचमा हजारौं किलोमिटरको दूरी छ ।

अर्को वर्ष घर जाने योजना बनाइरहँदा आमाबुबाको उमेर बढिरहेको हुन्छ । कपाल सेतो हुन्छ, अनुहारमा चाउरी थपिन्छ र पर्खिरहेका आँखाहरू कमजोर हुँदै जान्छन् । प्रवासमा घरको सम्झना भनेको आफ्नोपन र सम्बन्धको अभाव पनि हो ।

परिवार सम्झँदै पसिना बगाउनेहरू

दसैंका बेला खाडी मुलुकको चर्को घाममा पसिना बगाइरहेका नेपाली साथीहरू पनि सम्झन्छु । परिवारको भविष्य बनाउन कसैले साना छोराछोरी नेपालमै छोडेका छन्, कसैले श्रीमान् वा श्रीमतीसँग लामो समय छुट्टिएर बस्नुपरेको छ । कतिपयले बिरामी आमाबुबाको स्याहार गर्न पाएका छैनन् ।

उनीहरूको कमाइले घर चल्छ र छोराछोरी पढ्छन् । तर दसैंमा छोराले बाबुलाई अँगालो हाल्न वा आमाले छोराको निधारमा टीका लगाउन नपाउनुको पीडा पैसाले पूर्ति गर्न सक्दैन । आर्थिक बाध्यता र रोजगारीका सीमित अवसरले उनीहरूलाई परिवारबाट टाढा राखेका छन् । उनीहरूको कमाइसँगै गुमाएका पारिवारिक क्षण र घर फर्किने आशा पनि सम्झनुपर्छ ।

**सन्तानको भविष्य र संस्कार**

अस्ट्रेलियामा हुर्किएका छोराछोरीको संसार हामीले नेपालमा अनुभव गरेको भन्दा फरक छ । उनीहरूले नेपाललाई हाम्रा कथा र सम्झनाबाट चिने पनि गाउँघरको दसैं र आफन्तको आत्मीयता आफैं अनुभव गर्न नपाउन सक्छन् । दसैं र तिहार मनाउनुको कारणसँगै परिवारको महत्त्व, ठुलाबडाको आशीर्वाद, संस्कृतिको सम्मान र सम्बन्ध जोगाउन समय दिनुपर्ने कुरा पनि बुझाउनुपर्छ ।

म चाहन्छु, मेरा छोराछोरीले राम्रो शिक्षा हासिल गरून्, आफूले रोजेको क्षेत्रमा अघि बढून् र आत्मविश्वासका साथ संसारको सामना गरून् । तर सफलताको दौडमा सम्बन्धको मूल्य नबिर्सियून् । अभिभावकको जिम्मेवारी भविष्य सुरक्षित गर्नु मात्र होइन, सन्तानमा संवेदना, कृतज्ञता र मानवीय सम्बन्धप्रतिको सम्मान विकास गर्नु पनि हो । उनीहरूलाई दिने ठुलो सम्पत्ति धनसम्पत्ति मात्र होइन, माया, संस्कार र परिवारको मूल्य बुझ्ने चेतना हो ।

**अस्ट्रेलिया वर्तमान, नेपाल मनको घर**

जीवनका धेरै कुरा बदलिएका छन्, तर मनको एउटा हिस्सा अझै नेपालमै छ- त्यही गाउँ, घरको आँगन र प्रियजनसँग जोडिएका सम्झनामा ।

प्रवासको सफलता जागिर र आर्थिक स्थिरताले मात्र होइन, परिवारसँग बिताएको समय र सम्बन्धले पनि मापन गर्छ । नेपाल मेरो जन्मभूमि हो, त्यहाँ मेरो बाल्यकाल, आफन्त र पहिचानको जरा छ । अस्ट्रेलिया मेरो वर्तमान हो, यहाँ मेरो परिवारको जीवन, संघर्ष र छोराछोरीको भविष्यका सपना छन् । एउटालाई रोजेर अर्कोलाई बिर्सन सकिँदैन । एउटा ठाउँमा घर बनाएर बस्नु र अर्को ठाउँलाई मनभित्र घर बनाएर राख्नु नै प्रवासी जीवनको वास्तविकता हो ।

दसैंले समयको महत्त्व सम्झाउँछ । काम, पढाइ र दूरीले परिवारसँग चाहेजति समय बिताउन नदिए पनि आत्मीय कुराकानी र सम्झना बाँड्ने सानो क्षणले सम्बन्ध न्यानो राख्न सक्छ । दसैं खुसीसँगै घरको सम्झना बोकेर आउँछ । जीवनमा धेरै कुरा प्राप्त भए पनि बितेका क्षण फर्केर आउँदैनन् । हामी विदेशमा छौं, तर हाम्रो माया बिदेसिएको छैन । शरीरले परदेशमा भविष्य खोजे पनि मनको एउटा हिस्सा अझै नेपालका घरआँगन, आमाबुबाको आशीर्वाद र बाल्यकालका दसैंमा बाँचेको छ ।

यस दसैंमा विदेशमा पसिना बगाइरहेका नेपालीका सपना पूरा होऊन्, टाढिएका परिवार भेटिन पाऊन् र सन्तानले सफलतासँगै सम्बन्ध, संस्कृति र मानवीयताको महत्त्व बुझ्न सकून् । सफलता भविष्य बनाउनु मात्र होइन, प्रियजनलाई समय दिनु र सम्बन्ध जोगाउनु पनि हो ।

*(लेखक डा. देवकोटा अस्ट्रेलियामा वातावरण वैज्ञानिकका रूपमा कार्यरत छन् ।)*
























# दसैं : एक भावनात्मक समय




नीलम कार्की निहारिका
*अमेरिका*


> परदेशको दसैं धार्मिक आस्थासहितको चाड मात्र होइन, सम्झनाको एउटा लामो यात्रा पनि हो । टाढाको घर, गाउँ, अभिभावक, आफन्त र बाल्यकालको त्यो संसारतिर फर्किरहने एउटा भावनात्मक समय हो ।

नेपालीहरू जहाँ-जहाँ पुगेका छौं, सकेसम्म आफ्नो संस्कृति, आफ्ना संस्कार र चाडपर्वलाई आफूसँगै लिएर हिँड्छौं । आज मात्र होइन तीन-चार पुस्ताअघिदेखि फिजी अनि बर्मा, भुटानका नेपालीले मनाउने गरेको चाडपर्वलाई हेर्दा पनि थाहा हुन्छ । हामी सन् २००७ मा अमेरिका आउँदा सुरुका तीन वर्ष न्युयोर्कमा रह्यौं । त्यो वर्ष मेरो जीवनको पहिलो अभिभावकबिनाको दसैं थियो । नेपालमा दसैंको टीका भनेको निधारमा अक्षता र रातो टीका मात्र होइन, त्यससँग हर्ष आशीर्वाद मिसिएको हुन्छ, आफन्तको माया र आत्मीयता मिसिएको हुन्छ । तर परदेशमा टीका त लाइयो तर अभिभावकको हातबाट टीका ग्रहण गर्न नपाउँदा अर्थपूर्ण भएन त्यो दसैं ।

पछि नेपालीहरू निकै कम भएको ठाउँमा पुगियो । त्यहाँ झन् दिक्क लाग्दो हुने नै भयो । अहिले फेरि ठुलो नेपाली समुदाय भएको ठाउँमा आइपुगेका छौं । यहाँ नेपाली संस्था पनि छ । रगतको नाता नपरे पनि नेपालीहरू एक-अर्कालाई परिवार सम्झेर भेटिन्छन् । टीका लाइन्छ, आशीर्वाद साटिन्छ र परदेशमा आफ्नो घरदेशको अनुभूति खोज्ने असफल प्रयास गरिन्छ ।

म ग्रामीण परिवेशमा हुर्किएकी हुँ । गाउँमा दसैं भनेपछि एउटा घर मात्र होइन, सिंगो गाउँ नै आफन्त जस्तो हुन्थ्यो । सबैका घरमा जाने, टीका लगाउने, ठुलाबडाबाट आशीर्वाद लिने र घर-घरमा पुगेर रमाइलो गर्ने चलन थियो । सहरमा त्यही आत्मीयता अलि फरक हुन्छ, त्यो पनि अनुभव गरेँ । र, परदेशमा त झन् फरक हुने नै भयो । यो फरक पनि अनुभव आत्मसात् गर्दै बाँचेको छु ।



जीवनसँगै दसैं पनि हामीसँगै यात्रा गर्दै आयो । गाउँबाट सहर, सहरबाट अर्को सहर, जिल्लाबाट, अञ्चल, राजधानी र राजधानीबाट घरदेश नै छोडेर परदेशसम्म । ठाउँ फेरिएसँगै दसैं मनाउने तरिका केही बदलिँदै गयो । तर मनभित्रको त्यो दसैं भने उस्तै रहिरह्यो ।

परदेशमा दसैं आउँदा नेपालीहरू एक-अर्काको घरमा बोलाउँछन्, भेटघाट गर्छन्, नाचगान गर्छन् र सामूहिक रूपमा चाड मनाउँछन् । नेपाली संघ-संस्थाहरूले पनि दसैं, तिज र नेपाली नयाँ वर्षजस्ता अवसरमा सांस्कृतिक कार्यक्रम तथा ठुला जमघट आयोजना गर्ने गर्छन् । यस वर्ष नेपालको विपद्का घटनाका कारण तिजका कार्यक्रम स्थगित गरिएका थिए । म बस्ने नर्थ क्यारोलाइनामा दसैंका अवसरमा नेपालबाट केही कलाकार निम्त्याएर कार्यक्रम आयोजना हुँदै छ ।

यतातिर आफ्नो चाड मनाउनु छँदै छ । अनि अर्को उद्देश्य बालबच्चाका लागि दसैंको अर्थ अझ महत्त्वपूर्ण रूपमा बुझाउनुपर्ने दायित्व परदेशमा हुन्छ । उनीहरूलाई टीका लगाइदिने, आशीर्वाद दिने र आफ्ना संस्कार तथा संस्कृति परम्पराहरूलाई निरन्तरता दिनको निम्ति महत्त्व बुझाउने अवसर हो ।

तर परदेशमा जति प्रयास गरे पनि घरदेशको दसैंको मिठास कहाँ आउँछ र ? आफ्नै देशभित्र पनि कुनै वर्षको दसैंमा कामविशेषले गाउँघर जान नपाएका बेला एक किसिमको खालीपन हुन्छ भने घरदेशबाट टाढा परदेशमा हुँदा त्यो अनुभूति झन् गहिरो हुन्छ नै । त्यसैले सकेसम्म दसैंको बेला आफ्नो घरदेश फर्किने कोसिस धेरैको हुन्छ ।

अघिल्लो वर्ष नेपालमा जेनजी आन्दोलनका क्रममा भएको दुःखद घटनाले परदेशमा दसैंको खुसी थिएन । चाड आयो, टीका त लगाइयो, भेटघाट पनि भयो, तर मनले खोजेजस्तो रमाइलो हुन सकेन । यो वर्ष पनि त्यही पीडाको स्मृति ताजा नै छ । अझ भोटेकोशीको बाढीले धेरै नेपालीको मनमा उल्लास छैन ।

समयले एकपछि अर्को गर्दै हामीसँग जोडिएका आफ्ना मान्छेहरू टाढा बनाउँदै लगेको छ । त्यसैले हामी चाडपर्व मनाउँछौं, खुसी हुने प्रयास गर्छौं, आफ्ना बालबच्चालाई संस्कृति सिकाउँछौं र एक-अर्कासँग आत्मीयता बाँड्छौं । तर त्यो बाल्यकालको दसैं अभिभावकको हातबाट पाएको टीका र घरदेशको आँगनमा हुने त्यो खुसी, त्यो मिठास परदेशमा जति खोजे पनि भेटिँदैन । अभिभावक गुमाएकाहरूका लागि चाडपर्व भनेको मान्ने होइन मनाइदिने बाध्यताजस्तो हुने रहेछ ! यो अनुभव पनि छ मसँग । अनि, परदेशको दसैं धार्मिक आस्थासहितको चाड मात्र होइन, सम्झनाको एउटा लामो यात्रा पनि हो । टाढाको घर, गाउँ, अभिभावक, आफन्त र बाल्यकालको त्यो संसारतिर फर्किरहने एउटा भावनात्मक समय हो ।



















# परदेश र दसैं



■ खिम के.सी.
*अमेरिका*

एक वर्षअघिसम्म साथी लेनिन बन्जाडेले 'दसैंमा घर जान यति दिन बाँकी' भन्दै फेसबुकमा पोस्ट गर्थ्यो । मलाई दसैं आएको अनुभूत हुन्थ्यो । पोहोरदेखि उसले पनि दसैंमा घर जाने दिन तन्काएर वर्षमा गन्न थालेको छ । पहिले ऊसँग एउटा क्यालेन्डर थियो, अहिले दुईवटा छन् ।

चिसो बिस्तारै बढ्दै छ । गर्मीमा थन्क्याएका ज्याकेट र बाक्ला कपडा फेरि दराजमा खोज्न थालेको छु । असोजको यो चिसो हावाले मनमा अनेक खुल्दुली बोकेर आउँछ । मन न हो, अनायासै बहकिन्छ । जसरी प्रेमिका भेट्न आतुर प्रेमी, सागर भेट्न आतुर नदी, फूल चुम्न आतुर भमरा वा कविता लेख्न आतुर कवि । क्षणभरमै उडेर कहाँ कहाँ पुग्छ यो मन । अनि जन्मभूमिमा ल्यान्ड गर्छ । किनकि दसैं हाम्रो घर-आँगनमा भित्रिसकेको छ ।

एकछिन भ्वाट्ट सम्झन्छु, २०६२/६४ सालतिर कीर्तिपुरमा मास्टर्स पढ्दाको समय । दसैं छुट्टीमा घर जाँदा राजधानी छाडेर गाउँ फर्किनेको भिड बसपार्कमा ह्वात्तै बढ्थ्यो । टिकट सहजै नपाएर ब्ल्याकमा किन्नुपर्ने बाध्यता, 'गाडीवालाको दसैं र यात्रुहरूको दसा' फेरि सुरु भयो होला कि ? राजधानी फेरि केही समय सुनसान हुने होला । सहरका गल्लीमा कात्तिके कुकुरहरूको वर्चस्व बढ्ने होला । यी सबै सम्झना मस्तिष्कमा कहिल्यै नमेटिने गरी बसेका छन् । हरेक वर्ष दसैंताका अझै बढी क्लिक हुन्छन् ।

गाउँघरमा बाटाहरू सरसफाइ गर्न सुरु गरे होलान् । कतिले घर लिपपोत गरिसके होलान् । कतिले रातो माटो र कमेरो माटो लिन जाने सल्लाह गर्दै होलान् । एक बिहानी पहर पूरै लाग्छ त्यो माटो खोज्न । घरका झ्याल, ढोका र बार्दलीमा रङरोगन लगाइसके होलान् । लटरम्म फुलेका सयपत्री र हजारी फूलले गाउँघर र टोल सुगन्धित भए होलान् । थरिथरिका रोटी पाक्दै होलान् । छिमेकीहरू पालो गर्दै रोटी हाल्दै होलान् । म भने यता परदेशमा यी सबै कुरा कल्पिँदै बसेको छु ।

नयाँ लुगा किन्न केटाकेटी हौसिएका होलान् । बाले पैसा कहिले पठाउनुहुन्छ भनेर आमालाई सोध्दै होलान् । कतिले नयाँ लुगा किनिसके होलान् । बाले पनि कहिले



तलब थापूँला र दसैंखर्च घरमा पठाउँला भनेर कुरेका होलान् । युवाहरू पिङ हाल्ने तयारीमा जुटेका होलान् । सामाजिक सञ्जालका भित्ता दसैं शुभकामनाले भरिन थालेका छन् । दसैं आयो भनेर खुसी हुन्छु । त्यही दसैं सम्झँदा मुटुको एउटा कुनामा पीडा फक्रिन्छ- 'यसपालि पनि घर जान नपाइने भो ।' अनि दुखी हुन्छु । आँखा टिलपिल गर्न थाल्छन् । परदेसीका लागि दसैं केवल एउटा चाड होइन, सम्झनाको पोको हो । आमाको हातको टीका, बाको आशीर्वाद, दाजुभाइ-दिदीबहिनीको हाँसो, आफन्तसँगको जमघट र साथीभाइसँगको सामीप्य हो । देशसँगको अपनत्व हो । देशको माटो, गाउँको बाटो, घरको आँगन र बाल्यकालमा बिताएका पल एकैपटक आँखाअगाडि झझल्किन्छन् । आँखाले आँसुलाई सम्हाल्न सक्दैन । डिलबाट 'तप्प-तप्प' खसालिदिन्छ ।

परदेशमा आएपछि आफ्नासँगको भेटघाट पातलिँदै जान्छ, घरको सम्झना भने बाक्लिँदै जान्छ । फेसबुकमा अरूका दसैंका तस्बिर देख्दा मन खुसी पनि हुन्छ । आफ्ना आफन्त र साथीभाइ परिवारसँगै बसेर रमाइरहेका देख्दा खुसी लाग्छ । तर त्यही भिडले मलाई रित्तो र एक्लो पनि बनाउँछ । आफूलाई हराएको भेट्छु । एक दिन भए पनि कतै बेपत्ता भइदिऊँ किजस्तो लाग्छ । हराउन पनि कहाँ जानु ? यो परदेशमा त पहिले नै हराएको मान्छे हुँ- परदेसी मान्छे । फोनमा सबैले सोध्ने एउटै प्रश्न हुन्छ, 'दसैंमा कहिले आउँछस् ?' यसको उत्तर दिन परदेसीलाई सगरमाथा चढेझैं सकस हुन्छ । क्यालेन्डरमा दसैं हरेक वर्ष आउँछ । परदेशमा पनि जमरा राखिन्छ । बिदा मिलेजति साथीभाइ मिलेर टीका लगाउँछौं, खानपिन गर्छौं । तर बिदा नमिल्नेजति मुटुलाई कसक्क कसेर काममा जोतिनुपर्छ । परदेशमा दसैं बिदा हुँदैन । हाम्रो नेपाली क्यालेन्डरले यता काम गर्दैन । त्यसैले परदेसी मान्छे एक भित्तामा दुई क्यालेन्डर झुन्ड्याएर बसेको हुन्छ ।

परदेसीका विशुद्ध कोठे दसैं हुन्छन् । आफन्त कमै मात्रै हुन्छन् । त्यसैले धेरैजसो चाडपर्व कोठामै सीमित हुन्छन् । कहिलेकाहीँ दसैंमा विशेष कार्यक्रम हुन्छन् । नेपालबाट कलाकार आउँछन् । त्यस्ता कार्यक्रमले मनको केही तिर्सना मेटाउँछन् । तर त्यस्तो अवसर सधैं कहाँ पाइन्छ र ? परदेसीका लागि हरेक वर्ष आउने दसैंले पीडा पनि सँगै ल्याउँछ । छटपटी थप्छ । घर पुग्न नसकेको न्यास्रो, घरबाट टाढा हुनुको अधुरोपन र चाडपर्वको रिक्तता बोकेर आउँछ । सबै भएर पनि केही छुटेजस्तो लाग्छ । झट्ट हेर्दा सुख भए पनि हाँसो सबै लुटेजस्तो । सायद परदेसी जीवन यस्तै हुन्छ । खुसीको एउटा ठुलो हिस्सा घरको आँगनमै छुट्छ । चिसो बढ्दै जाला । शरीरमा आवश्यकताअनुसार न्यानो कपडा थपिँदै जालान् । दसैंका शुभकामना अझै धेरै आउलान् । तर मन भने त्यही घरको आँगनमा पुगेर गेटमै टक्क अडिरहन्छ । गेटको गरालो खोल्ने दिन कुरिरहन्छ । मनलाई प्रशान्त महासागरजस्तो शान्त राख्न खोज्छु । तर मन चिबेचराजस्तै चिरबिर गर्दै कावा खेलिरहन्छ । स्थिर बस्दै बस्दैन । उडिरहन्छ, एकतमास ।

एक वर्षअघिसम्म साथी लेनिन बन्जाडेले 'दसैंमा घर जान यति दिन बाँकी' भन्दै फेसबुकमा पोस्ट गर्थ्यो । मलाई दसैं आएको अनुभूत हुन्थ्यो । उसको पोस्टले नै मेरो क्यालेन्डरको काम गर्थ्यो । पोहोरदेखि उसले पनि दसैंमा घर जाने दिन तन्काएर वर्षमा गन्न थालेको छ । पहिले ऊसँग एउटा क्यालेन्डर थियो, अहिले दुईवटा छन् । पहिले एउटा समयमा चल्थ्यो, अहिले दुईथरी समयमा । पहिले तनमन देशमै थियो, अहिले मन घरदेशमा र तन परदेशमा छ । ठाउँ, परिवेश, सीमा र काममा बोल्ने भाषा सबै फेरिए । झन्डै सप्पै फेरियो । नफेरिएको त उसको रङ मात्रै हो, सायद । ऊ अझै कौवाजस्तै छ । मनको भने बकुल्ला हो, ऊ । यो सालदेखि मैले पनि भित्तामा क्यालेन्डर झुन्ड्याउन सुरु गरेको छु ।

परदेशमा बस्नेहरूले देश, गाउँ, घरपरिवार र आफ्ना मान्छेहरूलाई कति गहिरोसँग सम्झिन्छन् भन्ने कुरा परदेशको दूरीले मात्रै बुझाउँछ । यहाँबाट हेर्दा दसैं आउनु एउटा चाड आउनुजस्तो लाग्छ । तर परदेसीका लागि दसैं भनेको आफू जन्मेको गाउँ, खेलेको आँगन, आमाबुबाको आशीर्वाद र मुटुमा राखेको मान्छेको न्यानोपन अझ बढी सम्झिने समय पनि हो । यो साल यस्तै भयो । दसैंमा घर आउन पाइनँ । क्यालेन्डरमा रातो मसीले लेखिएको दसैं हेरेरै बित्ने भयो । अर्को साल दसैंमा क्यालेन्डरमा मात्र होइन, साँच्चिकै बाआमाको आशीर्वाद थाप्न आफ्नै घरको आँगनमा आउनेछु । कुरेर बस्नुस् है ! सबैजना । यसपालि बडादसैंको मंगलमय शुभकामना मात्रै भन्न सकेँ ।
























# फिनल्यान्डमा दसैं : परदेशमा नेपालीपनको उत्सव




■ बन्धु पाण्डे
*फिनल्यान्ड*


❝

नेपालबाट हजारौं किलोमिटर टाढा फिनल्यान्डमा दसैं नेपाली पहिचान, पारिवारिक आत्मीयता र सामुदायिक एकताको उत्सव बन्ने गरेको छ । टीका, जमरा, सांस्कृतिक कार्यक्रम र सामूहिक भेटघाटले प्रवासमा नेपालीपन जोगाएका छन् । नयाँ पुस्तालाई भाषा, संस्कार र परम्परासँग जोड्ने माध्यमका रुपमा पनि दसैंको महत्त्व बढ्दै गएको छ ।

मानिस जहाँ पुगे पनि आफ्नो भाषा, संस्कृति र परम्परासँगको सम्बन्ध सजिलै टुट्दैन । बरु आफ्नो जन्मभूमिबाट टाढा हुँदै जाँदा त्यसको महत्त्व अझ गहिरो महसुस हुन सक्छ । उत्तरी युरोपेली देश फिनल्यान्डमा बसोबास गर्ने नेपालीका लागि दसैं यस्तै आत्मीयता, सम्झना र सांस्कृतिक पहिचानसँग जोडिएको पर्व हो ।

फिनल्यान्डमा नेपालीहरूको बसोबास सन् १९८० को दशकदेखि सुरु भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) फिनल्यान्डको विवरणमा उल्लेख छ । सुरुमा हेलसिन्की आसपास सीमित रहेको नेपाली समुदाय समयसँगै विस्तार हुँदै गएको छ । एनआरएनए फिनल्यान्डका अनुसार, सन् २०२५ सम्म त्यहाँ सात हजारभन्दा बढी नेपाली बसोबास गरिरहेका थिए । उनीहरूसँगै नेपाली भाषा, संस्कृति र चाडपर्वले पनि नयाँ भूगोलमा आफ्नो स्थान बनाएका छन् ।

दसैं र तिहार नेपाली समुदायका प्रमुख सांस्कृतिक पर्व हुन् । नेपालमा परिवार र आफन्तसँग बसेर मनाइने यी पर्व विदेशमा भने आपसी भेटघाट र सामुदायिक एकताको अवसरसमेत बन्छन् । व्यस्त दैनिकी, कामको जिम्मेवारी र फरक सामाजिक परिवेशका बीच दसैंले नेपालीलाई केही समय आफ्नो संस्कृति र सम्बन्धका लागि छुट्याउन प्रेरित गर्छ ।



**समुदायसम्म फैलिएको दसैं**

फिनल्यान्डमा नेपाली संस्कृति र समुदायलाई संगठित बनाउन विभिन्न संस्थाले भूमिका निर्वाह गर्दै आएका छन् । सन् १९८१ मा स्थापना भएको सुओमी-नेपाल-सेउराले नेपाली संस्कृति प्रवर्धन गर्नुका साथै दसैं र तिहारसँग सम्बन्धित कार्यक्रम आयोजना गर्दै आएको छ । सन् २००५ मा हेलसिन्कीमा स्थापना भएको फिनिस-नेपाली समाजले पनि नेपाली समुदायलाई एकताबद्ध गर्न र भाषा, संस्कृति तथा परम्पराको संरक्षणमा योगदान पुर्‍याउँदै आएको छ ।

समुदाय विस्तारसँगै दसैं मनाउने शैली पनि फराकिलो बनेको छ । टीका र जमरामा मात्र सीमित नभई सांस्कृतिक कार्यक्रम, संगीत, नृत्य, सामूहिक भोज र शुभकामना आदानप्रदानमार्फत पर्व मनाइन्छ । दसैंका दिन सकेसम्म बिदा मिलाएर भेटघाट गर्ने र नेपालीले सञ्चालन गरेका कतिपय व्यवसाय बन्द गरेर उत्सवमा सहभागी हुने चलन पनि छ । यस्ता गतिविधिले भौगोलिक दूरीका बीच आत्मीयता कायम राख्न मद्दत गर्छन् । दसैंको धार्मिक पक्ष पनि उत्तिकै महत्त्वपूर्ण छ । दुर्गा भवानीको पूजा, ज्येष्ठ सदस्यबाट टीका र जमरा ग्रहण गर्ने, आशीर्वाद लिने र आफन्तसँग भेटघाट गर्ने परम्पराले नेपाली सांस्कृतिक पहिचानलाई निरन्तरता दिन्छ । फिनल्यान्डको हेलसिन्कीस्थित माल्मी क्षेत्रमा रहेको कृष्ण मन्दिर (इस्कोन फिनल्यान्ड)मा नियमित पूजा, भजन, कीर्तन र धार्मिक गतिविधि सञ्चालन हुन्छन् । यस्ता धार्मिक तथा सामुदायिक स्थलले प्रवासमा आस्था र संस्कृतिसँग जोडिने अवसर प्रदान गर्छन् ।

**नयाँ पुस्तामा नेपाली संस्कृति हस्तान्तरण**

विदेशमा दसैं मनाउनु रमाइलो उत्सवमा सहभागी हुनु मात्र होइन । यो नयाँ पुस्तालाई नेपाली चाडपर्वको अर्थ बुझाउने अवसर पनि हो । फिनल्यान्डमै हुर्किरहेका बालबालिकाले टीका, जमरा, दुर्गापूजा र पारिवारिक आशीर्वादको परम्परा बुझ्न पाउँदा आफ्नो पुर्खाको संस्कृति र इतिहाससँग परिचित हुन सक्छन् । भाषा र संस्कार पुस्तान्तरण गर्न यस्ता सामूहिक उत्सवको भूमिका महत्त्वपूर्ण हुन्छ ।

प्रवासमा सबैको परिस्थिति उस्तै हुँदैन । काम, अध्ययन, पारिवारिक जिम्मेवारी र बिदाको सीमितताले कतिपयलाई नेपालमा जस्तो दसैं मनाउन सहज नहुन सक्छ । तैपनि उपलब्ध समय र अवसरमा भेटघाट गरेर पर्व मनाउने प्रयासले नेपाली समुदायलाई जोडिराख्छ ।

फिनल्यान्डमा दसैंको यात्रा नेपाली समुदायको विस्तारसँगै विकसित भएको सांस्कृतिक यात्रासमेत हो । यसले देश छाड्दैमा आफ्नो पहिचान छाड्नुपर्दैन भन्ने सन्देश दिन्छ । नेपालबाट टाढा रहे पनि दसैंका टीका, जमरा, शुभकामना र सामूहिक भेटघाटमार्फत नेपालीले मातृभूमिसँगको सम्बन्धलाई जीवित राखिरहेका छन् ।
















# साउदी अरबमा टीकाको तयारी



■ अन्जान गुभाजु
*साउदी*

> कोही महँगो हवाई टिकटको भार सहँदै नेपाल फर्किँदै छन्, कोही रोजगारीकै कारण परदेशमै टीका लगाउने तयारीमा छन् । परिवारबाट टाढा भए पनि सामूहिक भेटघाट र सांस्कृतिक कार्यक्रममार्फत नेपालीपन जोगाउने प्रयास जारी छ ।

दसैं नजिकिएसँगै साउदी अरबमा कार्यरत नेपाली श्रमिकमा चाडपर्वको चहलपहल बढेको छ । रोजगारीका लागि साउदीका विभिन्न सहरमा रहेका करिब चार लाख नेपालीमध्ये कतिपय बिदा लिएर नेपाल फर्किन थालेका छन् भने ठुलो संख्यामा श्रमिक रोजगारीकै कारण परदेशमै दसैं मनाउने तयारीमा छन् ।

नेपाल फर्किन चाहने श्रमिकका लागि भने यसपटक हवाई टिकटको महँगो मूल्य प्रमुख चुनौती बनेको छ । दम्मामभमा कार्यरत श्रमिक प्रेम बोहोराका अनुसार गत वर्ष दसैंमा सामान्य मूल्यमा टिकट खरिद गरे पनि यसपटक झन्डै दोब्बर रकम तिर्नुपरेको छ । चाडपर्वका समयमा हवाई भाडा अत्यधिक बढ्दा सीमित आम्दानी भएका श्रमिकमाथि थप आर्थिक भार परेको भन्दै उनले नेपाल सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । चाडपर्वका बेला वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सहुलियतपूर्ण हवाई भाडाको व्यवस्था गर्न पहल गर्नुपर्ने उनको माग छ ।

नेपाल जान नपाउने श्रमिकले भने साउदीमै नेपाली शैलीमा दसैं मनाउने तयारी गरेका छन् । रियाद, दम्माम, अलखोबर, जुबेल, जेद्दा, अलकासिमलगायत क्षेत्रमा रहेका नेपाली साथीभाइ तथा आफन्तसँग भेटघाट, सामूहिक खानपिन, टीका-जमरा र शुभकामना आदानप्रदानको तयारीमा छन् । विभिन्न सामाजिक संस्था तथा नेपाली समुदायका समूहले पनि सामूहिक दसैं कार्यक्रम आयोजना गर्ने तयारी गरेका छन् ।

गत वर्ष साउदीको पूर्वी क्षेत्र जुबेलमा सक्रिय इएमजी ग्रुपले नेपाल जान नपाएका नेपालीका लागि सामूहिक टीका कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा नेपाली साझा मञ्च साउदी अरबका संस्थापक अध्यक्ष तथा सामाजिक व्यक्तित्व कृष्ण पुरीका मातापिताले सहभागी नेपालीलाई टीका लगाइदिनुभएको थियो । विभिन्न क्षेत्रमा कार्यरत नेपालीले आफूभन्दा ज्येष्ठ तथा अग्रजको हातबाट टीका ग्रहण गर्दै आशीर्वाद लिएर परदेशमै नेपाली संस्कृति र परम्पराअनुसार दसैं मनाएका थिए ।

यस वर्ष पनि नेपालीले आफ्नो अवस्था र कामको समयअनुसार दसैं मनाउने तयारी गरेका छन् । नेपालमा परिवार भएका श्रमिकले फोन तथा भिडियो कलमार्फत अभिभावक र आफन्तबाट टीका-आशीर्वाद लिने तयारी गरेका छन् । साउदीमै परिवारसहित बस्दै आएका नेपालीले भने आफ्नै घरमा दसैंको टीका लगाउने तयारी गरेका छन् ।

अन्तर्राष्ट्रिय पत्रकार महासंघ साउदी अरबका अध्यक्ष विष्णु घिमिरे यसपटक आफू साउदीमै दसैं मनाउने तयारीमा रहेको बताउँछन् । साउदीमा रहेका आफूभन्दा ज्येष्ठ नागरिक तथा परिवारसहित बस्दै आएका नेपाली अभिभावकको हातबाट टीका लगाएर दसैं मनाउने योजना उनको छ । परदेशमा रहे पनि नेपाली संस्कार र परम्परालाई निरन्तरता दिन आफूले प्राथमिकता दिएको घिमिरे बताउँछन् ।

साउदीमा नेपाली समुदायका विभिन्न संघसंस्थाले दसैं शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्रम बढेको छ । हेल्प लाइन नेपाल साउदी अरबले अक्टोबर ९ शुक्रबार रियादको एक्जिट-१८ स्थित वालिद रेस्ट हलमा उद्घाटन समारोह, विविध सांस्कृतिक कार्यक्रम तथा बडादसैं शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्ने जनाएको छ । संस्थाका अनुसार साउदीमा कार्यरत नेपालीलाई उनीहरूको दक्षता, क्षमता र अनुभवअनुसार रोजगारीका अवसर खोज्न सहजीकरण गर्ने तथा समस्यामा परेका नेपालीलाई आवश्यक सहयोग गर्ने उद्देश्यले संस्था स्थापना गरिएको हो । नेपालका सामुदायिक विद्यालयको शैक्षिक विकास, आर्थिक रूपमा कमजोर तथा जेहेन्दार विद्यार्थीलाई सहयोग र आपत्कालीन अवस्थामा मानवीय सहायता गर्ने लक्ष्यसमेत संस्थाले अघि सारेको छ ।

तर चाडपर्व मनाउने क्रममा साउदी अरबको स्थानीय कानुन र सामाजिक मर्यादालाई ध्यान दिनुपर्नेमा सामाजिक अभियन्ता अकल प्रधानले नेपाली समुदायलाई सचेत गराएका छन् । साउदी अरबको संस्कृति, धार्मिक संवेदनशीलता तथा स्थानीय कानुन नेपालभन्दा फरक रहेको उल्लेख गर्दै उनले दसैं मनाउने क्रममा यहाँको कानुनले निषेध गरेका कुनै पनि गतिविधि नगर्न आग्रह गरेका छन् । परदेशमा नेपाली संस्कृति र परम्परा जोगाउनु महत्वपूर्ण भए पनि त्यसका नाममा स्थानीय कानुन उल्लंघन हुने गतिविधि गर्न नहुने उनको भनाइ छ ।

साउदीमा रहेका नेपालीका लागि दसैं केवल टीका र जमरामा सीमित छैन । लामो समयदेखि परिवार र मातृभूमिबाट टाढा रहेका श्रमिकका लागि दसैं घर, गाउँ, अभिभावक र आफन्तको सम्झना गर्ने भावनात्मक अवसर पनि हो । रोजगारीको व्यस्तता, सीमित बिदा र महँगो हवाई भाडाबीच पनि नेपाली समुदायले सामूहिक भेटघाट तथा सांस्कृतिक कार्यक्रममार्फत आफ्नो मौलिक परम्परालाई निरन्तरता दिँदै आएको छ ।

नेपाल फर्किन सक्नेहरू घरको आँगनमा परिवारसँग टीका लगाउन आतुर छन् । परदेशमै रहनेहरू भने साउदीमा रहेका आफन्त, साथीभाइ तथा ज्येष्ठ नागरिकबाट टीका र आशीर्वाद लिएर दसैंको खुसी साट्ने तयारीमा छन् । यसरी साउदीमा नेपाली श्रमिकको दसैंमा घर फर्किने चाहना, महँगो हवाई टिकटको बाध्यता र परदेशमै नेपाली संस्कृति जोगाउने प्रयास एकसाथ देखिन्छ । दूरी जति लामो भए पनि दसैंले नेपालीलाई घर, परिवार र आफ्नोपनसँग जोडिरहेकै छ ।















# तान्जानियाको दसैं : अफ्रिकामा भेटिएको नेपाल



■ चिना बुढामगर
*तान्जानिया*

> रातको १२ बजिसकेको थियो । भोलिपल्ट दसैंको टीका लगाउनुपर्ने थियो, तर हाम्रो सेलरोटी बन्ने नामै लिइरहेको थिएन । तान्जानियामा पहिलोपटक दसैं मनाउन लागेकाले आफ्नै हातले बनाएको सेलरोटी साथीहरूलाई खुवाउने रहर थियो । युट्युब हेर्दै पिठो मुछ्यौं, रोटी पकाउन थाल्यौं । तर सोचेजस्तो सजिलो कहाँ थियो र ! धेरै प्रयासपछि बल्ल खानलायक सेलरोटी बनाउन सक्यौं ।

सन् २०२३ मा म श्रीमान् र छोराछोरीसँग पूर्वी अफ्रिकी मुलुक तान्जानिया पुगेकी थिएँ । श्रीमान्को जागिर उतै भएकाले हामी अस्थायी रूपमा त्यहाँ बस्न गएका थियौं । आफन्त र देश छाडेर यति टाढा पुगेको मेरो पहिलो अनुभव थियो । भाषा, खानपान, रहनसहन र संस्कृति सबै नयाँ थिए । बिस्तारै त्यहाँको वातावरणमा घुलमिल हुँदै थियौं । छोराछोरी विद्यालय जान थालेका थिए ।

एक दिन घरमा पूजा गरेर कान्छो छोराको निधारमा टीका लगाइदिएँ र विद्यालय पुऱ्याउन गएँ । त्यहाँ पुग्नेबित्तिकै सबैले उसलाई अचम्म मानेर हेर्न थाले । शिक्षिकाले सोध्नुभयो, 'निधारमा किन पेन्टिङ गरेको ?' मैले त्यो पेन्टिङ नभई हाम्रो संस्कारअनुसार पूजापछि लगाइने टीका भएको बताएँ । त्यो घटनाले संसारमा संस्कृतिको विविधता कति धेरै रहेछ भन्ने महसुस गरायो । परदेश पुगेपछि आफ्नो देश र संस्कृतिको माया झन् गहिरो हुँदो रहेछ ।

हामी सामाजिक प्राणी हौं । भाषा, धर्म र संस्कृति फरक भए पनि मानिसलाई जोड्ने साझा भावना मानवता रहेछ । यही सोचले नयाँ वातावरणमा घुलमिल हुन र स्थानीय मानिससँग आत्मीय सम्बन्ध बनाउन सजिलो भयो ।

**नेपाली भेट्दा अफ्नै घर पुगेजस्तो**

परदेशमा पुगेपछि कतै नेपाली भेटिन्छन् कि भन्ने आशा हुँदो रहेछ । हामी बसेको ठाउँबाट करिब २० किलोमिटर टाढा केही नेपाली साथीहरू रहेको थाहा पाउँदा निकै खुसी भयौं । तान्जानियामा पहिलोपटक देवीलाल पाठक र पासाङ शेर्पालाई भेट्यौं । पछि अरू नेपालीसँग पनि चिनजान बढ्दै गयो । उनीहरू आरुसा सहरमा बस्थे । घरको यादले सताउँदा हामी भेट्न जान्थ्यौं । सप्ताहान्तमा भेटघाट गर्ने, नेपाली खाना पकाउने र घुम्न जाने क्रम चल्यो ।

नेपालमा हुँदा चाडपर्वको त्यति धेरै सम्झना नआए पनि परदेशमा पुगेपछि हरेक पर्वको महत्त्व बढ्दो रहेछ । दसैं नजिकिँदै गर्दा गाउँघरको सम्झनाले झन् सताउन थाल्यो । नेपालमा खेतमा धान झुलेको, घर लिपपोत गरेको, बिदेसिएका आफन्त फर्किएको र घरघरमा खुसी छाएको दृश्य सम्झन्थेँ । तर तान्जानियाको मौसम फरक थियो । त्यहाँ गर्मी बढ्दै थियो, फूल फुलिरहेका थिए र वातावरणले नेपालमा चैत-वैशाख आएको झल्को दिन्थ्यो । मौसम फरक भए पनि मनमा दसैंको उमंग उस्तै थियो । तान्जानियामा पहिलोपटक आफैंले जमरा राखेँ । नेपालमा आमाले जमरा राख्ने भएकाले मैले त्यसअघि आफैं राखेकी थिइनँ । परदेशमा रहरभन्दा बढी बाध्यताले पनि नयाँ कुरा सिकाउँदो रहेछ । नेपाली परिकारका सामग्री सहजै नपाइने भएकाले सेलरोटी, फिनी रोटी, अचार र म:म बनाउन सिक्यौं ।

दसैंमा सबै नेपाली मिलेर देवीलाल सरको घरमा भेटघाट गर्ने सल्लाह भयो । माइती जाँदा कोसेली लैजाने चलन सम्झेर मैले पनि सेलरोटी बनाउने निधो गरेँ । राति अबेरसम्म प्रयास गर्दा पनि रोटी राम्रो बनेन । घिउ धेरै परेछ कि भन्ने लाग्यो । फेरि चामल पिसेर अर्को प्रयास गरेपछि बल्ल खानलायक रोटी बन्यो । भोलिपल्ट सबैले हाम्रो प्रयासको प्रशंसा गर्दै खाए । आलु, काँक्रो, केराउ र गाँजर मिसाएर बनाएको अचारलाई त्यहाँका नेपाली साथीहरूले 'गोर्खे अचार' भन्थे ।

**फरक संस्कृतिबीच आत्मीयता**

दसैंको दिन बिहान घरमै टीका लगायौं । बेलुका नेपाली साथीहरू मात्र होइन, छिमेकी र श्रीमान्का कार्यालयका सहकर्मीलाई पनि निम्ता गऱ्यौं । उनीहरूलाई दसैं, टीका र जमराको महत्त्वबारे बतायौं । टीका र जमरा लगाउन भने स्वेच्छाले छाड्यौं । नेपालमा सालको पातबाट टपरी बनाएर कलश राखेको देखेकी थिएँ । तान्जानियामा सालको पात नपाइने भएकाले एभोकाडोको पातबाट टपरी बनाएर पूजा गऱ्यौं र छोराछोरीलाई टीका लगाइदियौं ।

हामीलाई टीका लगाइदिने कोही थिएन । त्यही बेला श्रीमान्को कार्यालयमा काम गर्ने केन्याकी एक महिला, जसलाई हामी 'मामा मकेना' भन्थ्यौं, अगाडि सर्नुभयो । उहाँले हामीलाई टीका, जमरा र दक्षिणा दिनुभयो अनि अंग्रेजीमै मनैदेखि आशीर्वाद दिनुभयो । त्यो क्षणले मेरो मन छोयो । भाषा र धर्म फरक भए पनि आत्मीयता र मानवताको भावना साझा हुँदो रहेछ ।

त्यसपछि हामी देवीलाल सरको घर गयौं । सबै नेपाली साथी भेला भएका थिए । कसैले खाना पकाउँदै थिए, कसैले दसैं-तिहारका गीतमा नाच्दै थिए । देवीलाल सरले सबैलाई टीका र जमरा लगाइदिनुभयो । त्यो वातावरणमा मलाई नेपालमै भएजस्तो लाग्यो । पछि तिहार पनि सबै मिलेर मनायौं । यसरी परदेशमा हरेक चाडपर्व सामूहिक रूपमा मनाउने क्रम अघि बढ्यो । हाम्री अमेरिकी साथी सारा लगातार तीन वर्षसम्म दसैंमा टीका लगाउन आउनुभयो । उहाँले कोसेली ल्याएर 'ह्याप्पी दसैं' भन्दै शुभकामना दिनुहुन्थ्यो ।

**दसैंले सिकाएको खुसी बाड्ने पाठ**

तान्जानियामा बिताएको अर्को वर्ष दसैं मनाउने योजना बनाउँदै गर्दा देवीलाल सरले आश्रयमा रहेका बालबालिकासँग पर्व मनाउने प्रस्ताव राख्नुभयो । उहाँ आरुसाका अनाथालयमा पुगेर सहयोग गर्दै आउनुभएको थियो । हामी बिहानै त्यहाँ पुग्यौं । उहाँका कार्यालयका सहकर्मी पनि सहभागी थिए । सबै मिलेर खाना तयार पाऱ्यौं, बालबालिकालाई खुवायौं र सँगै खाना खायौं ।




















# स्क्रिनमा टीका, मनमा गाउँ



■ दीपेन्द्र न्यौपाने
*मलेसिया*

गाउँघरमा दसैंको रौनक छाउँदा परदेसीका लागि यो पर्व घरको सम्झना, जिम्मेवारी र अधुरा रहरको कथा बन्छ । भिडियो कलमा परिवारको टीका हेरेर चित्त बुझाउनुपर्ने उनीहरु हरेक वर्ष अर्को दसैं आफ्नै आँगनमा मनाउने आशासहित पसिना बगाइरहन्छन् ।



नेपालका गाउँघरमा दसैंको रौनक छाउन थालेको छ। शरद् ऋतुको नीलो आकाश, खेतमा झुलेका धानका बाला, ढकमक्क फुलेका सयपत्री र मखमलीले पर्वको आगमनको संकेत गरिरहेका छन् । घरघरमा लिपपोत हुँदै होला, चौतारीमा लिंगेपिङ हालिँदै होला। आमाका हात टीका र जमरा तयार पार्न व्यस्त होलान् भने बाबाआमा परदेसिएका छोराछोरी फर्कने बाटो हेरिरहेका होलान् ।

तर नेपालबाट टाढा, मलेसियालगायत विभिन्न देशमा पसिना बगाइरहेका नेपालीका लागि दसैंको दृश्य फरक छ । गाउँमा खुसीको उमंग छाउँदा परदेसीको मनमा घरको सम्झना र परिवारसँग छुट्टिनुको पीडा गहिरिँदै जान्छ । अरूका लागि उत्सव बनेर आउने दसैं उनीहरूका लागि जिम्मेवारी, बाध्यता र अधुरा रहरको सम्झना बनेर आउँछ ।

नेपालमा दसैंको बिहान मालश्री धुनले मनमा उत्साह भर्छ। परदेशमा भने मोबाइलको अलार्मले निद्रा खुलाउँछ । आमाको हातको तातो चिया र मायालु बोलीको सट्टा हतारहतार तयार भएर काममा निस्कनुपर्छ । चाडपर्वले काम रोकिँदैन, न जिम्मेवारी नै घट्छ । टीकाको दिनसमेत बिदा नपाउँदा अरूका लागि विशेष बनेको दिन परदेसीका लागि सामान्य कामकाजी दिनमै सीमित हुन्छ ।

दिनभरको परिश्रम र थकान बोकेर कोठा फर्कंदा एक्लोपनले झनै सताउँछ । नेपालमा परिवारका सदस्य एकै ठाउँमा बसेर मिठा परिकार खाँदै हाँसोठट्टा गरिरहेका होलान्। यता भने आफ्नै लागि खाना पकाउनुपर्छ। चाडबाडमा नयाँ लुगा लगाउने र मिठोमसिनो खाने रहरभन्दा घर खर्च धान्ने र अर्को दिन काममा जान शरीर तयार पार्ने चिन्ता ठुलो हुन्छ ।

मनले सबै छाडेर गाउँ फर्कन भन्छ । आमाको हातको टीका थाप्ने, बाबाको आशीर्वाद लिने र साथीभाइसँग पिङ खेल्ने रहर जाग्छ । तर घरको ऋण, परिवारको खर्च र रोजगारीका बाध्यताले पाइला रोक्छन् । यही विवशताबीच बाल्यकालका दसैं सम्झनामा फर्कन्छन् । गाउँभरि टीका थाप्न हिँडेको, साथीहरूसँग रमाएको र आमाले पकाएका परिकार खाएको सम्झनाले मन भावुक बनाउँछ ।

प्रविधिले टाढा रहेका परिवारलाई जोडेको छ। दसैंको दिन भिडियो कलमार्फत घरको टीका र जमराको दृश्य हेर्न पाइन्छ । आमाले टीका मुछिरहेको र बाबाले अक्षता लिएर पर्खिरहेको देख्दा मन घरमै पुगेजस्तो हुन्छ। तर मोबाइलको स्क्रिनबाट आमाको हात छुन सकिँदैन, बाबाको आशीर्वाद प्रत्यक्ष थाप्न सकिँदैन । आमाले सोध्नुहुन्छ, 'कहिले आउँछस् बाबु ?' जवाफमा परदेसीले भन्नुपर्छ, 'अर्को साल त जसरी पनि आउँछु ।' तर त्यो अर्को साल कहिले आउँछ भन्ने निश्चित हुँदैन ।

हामी रहरले मात्र परदेसिएका होइनौं । घरको गरिबी, बेरोजगारी र परिवारको भविष्य राम्रो बनाउने चाहनाले धेरैलाई विदेश पुऱ्याएको छ । आफ्ना खुसी र चाडपर्वको रमाइलो थाती राखेर परिवारका लागि कमाइरहेका छौं । तर कहिलेकाहीँ मनमा प्रश्न उठ्छ- हामीले पठाएको पैसाले घरमा खुसी त ल्याउला, तर हामीबाट टाढिएको समय र गुमेका चाडपर्व कसले फर्काइदेला ?

सामाजिक सञ्जालमा साथीभाइका दसैंका तस्बिर देख्दा मन अझ भारी हुन्छ । तैपनि भोलिपल्ट उठेर फेरि काममा जानुपर्छ। आँसु लुकाएर मुस्कुराउनु र मनको पीडा दबाएर जिम्मेवारी पूरा गर्नु नै धेरै परदेसीको दसैं हो ।

हरेक वर्ष दसैंले एउटा नयाँ आशा जगाउँछ- आउँदो दसैं आफ्नै आँगनमा मनाउने, आमाको हातबाट टीका र जमरा थाप्ने अनि गाउँका चौतारीमा साथीभाइसँग मनका कुरा साट्ने। यही आशाले परदेसीलाई दुःख र थकानबीच पनि अघि बढ्न हौसला दिन्छ ।

परदेशमा रहेका सबै नेपालीको दसैं खुसीले भरियोस् । परिवारप्रतिको माया र आत्मबल कमजोर नहोस्। कुनै दिन बाध्यताका यात्रा पूरा गरेर आफ्नै आँगनमा दसैं मनाउन पाइनेछ भन्ने आशा जीवित रहोस्। सबै परदेसी मनमा दसैंको हार्दिक शुभकामना ।




















# क्याम्पको जमरादेखि उत्सवसम्म




तिलु शर्मा पौडेल
*कतार*


> कतारमा नेपालीको दसैं समयसँगै बदलिएको छ । कुनै बेला श्रमिक क्याम्पका साना कोठामा साथीभाइ मिलेर जमरा राख्ने र टीका लगाउने पर्व अहिले सामूहिक टीका, सांस्कृतिक कार्यक्रम, भोज र खेलकुदमार्फत परदेशमा नेपाली पहिचान जोगाउने साझा उत्सव बनेको छ ।

दसैँ नेपालमा घर फर्किने, आफन्त भेट्ने, मान्यजनबाट टीका-जमरा थाप्ने र परिवारसँग सुख-दुःख साट्ने पर्व हो । तर कतारमा रहेका नेपालीका लागि दसैंको अर्थ केही फरक छ । प्रवासमा रहेका धेरै नेपालीलाई दसैंमा घर फर्किन सम्भव हुँदैन । परिवारसँग एउटै आँगनमा बसेर टीका लगाउन, गाउँघरमा मालश्री सुन्न र पिङ खेल्न पाइँदैन । त्यसैले कतारका नेपालीले परदेशमै अर्को 'घर' बनाएर दसैँ मनाउने परम्परा विकास गरेका छन् । आजका भव्य सांस्कृतिक कार्यक्रम, सामूहिक टीका, भोज र खेलकुद प्रतियोगिताको पछाडि श्रमिक क्याम्पका साना कोठामा साथीभाइ मिलेर मनाएको दसैंको लामो इतिहास छ ।

कतारमा नेपालीको उपस्थिति विशेषगरी सन् १९९० को दशकको अन्त्यतिर बढ्न थालेको थियो । नेपालीको संख्या बढ्दै जाँदा उनीहरूका सामाजिक तथा श्रमिक समस्या सम्बोधन गर्न स्थायी नेपाली कूटनीतिक नियोगको आवश्यकता महसुस भयो । नेपाल सरकारका अनुसार, सन् १९९८ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको कतार भ्रमणका क्रममा नेपाली समुदायले प्रवासी नेपालीको अवस्था र रोजगारीसम्बन्धी विषय उठाएको थियो । त्यसपछि कतारमा स्थायी नेपाली नियोग खोल्ने निर्णय भयो । सन् २००० जुलाई ११ मा दोहामा नेपाली राजदूतावास स्थापना भयो । यस अवधिमा नेपाली समुदायका सामाजिक गतिविधिले पनि क्रमशः संस्थागत रूप लिन थाले ।



त्यतिबेलाको दसैँ भने आजजस्तो थिएन । सीमित आम्दानी, लामो कामको समय र परिवारबाट टाढाको जीवनका कारण धेरै नेपालीले श्रमिक क्याम्प वा आफू बस्ने कोठामै दसैँ मनाउँथे । साथीभाइ मिलेर जमरा राख्ने, आफूभन्दा ज्येष्ठ व्यक्तिबाट टीका लगाउने, नेपाली खाना पकाउने र नेपालमा रहेका परिवारसँग फोनमा कुरा गर्ने नै दसैँ मनाउने मुख्य आधार थियो ।

करिब डेढ दशकदेखि कतारमा कार्यरत स्याङ्जाका टेक गैह्रेले अहिलेसम्म नेपाल पुगेर दसैंको टीका ग्रहण गर्न पाएका छैनन् । उनी पनि क्याम्प र घरमा जमरा राख्ने, विजयादशमीमा टीका लगाउने र नेपाली परिकार बनाएर साथीभाइसँग पर्व मनाउने गरेको बताउँछन् । परिवारसँग दसैँ मनाउन नपाएका कतिपय नेपालीले नेपालमा रहेका आफन्तका लागि कपडा, मिठाई र अन्य उपहार पठाएर परदेशबाटै खुसी बाँड्ने गर्छन् ।

कतारमा नेपाली समुदाय विस्तार हुँदै जाँदा दसैँ पनि कोठाको चार पर्खालबाट बाहिर निस्कन थाल्यो । चितवनका सागर नेपालका अनुसार सन् २००० पछिको दशकमा नेपाली संघसंस्था स्थापना र विस्तार हुँदै गएपछि पर्वहरू सामूहिक रूपमा मनाउने वातावरण बनेको हो ।

सन् २००५ मा दोहामा भएको गैरआवासीय नेपालीसम्बन्धी क्षेत्रीय सम्मेलन पनि कतारमा नेपाली समुदायको संगठित गतिविधिको महत्त्वपूर्ण पृष्ठभूमि बन्यो । त्यसपछि विभिन्न जिल्ला, जातीय, सामाजिक तथा सांस्कृतिक संस्थाका गतिविधि विस्तार भए । यही संस्थागत विकासले दसैँ, तिहार, ल्होसार, नेपाल संवत् र छठजस्ता पर्व सामूहिक रूपमा मनाउने आधार तयार गऱ्यो ।

कतारमा दसैँको सार्वजनिक तथा सांस्कृतिक स्वरूप सन् २०१४ देखि स्पष्ट रूपमा देखिन थाल्यो । त्यस वर्ष नेपाली राजदूतावासले दसैँको अवसरमा स्वागत कार्यक्रम आयोजना गरेको थियो । तत्कालीन कार्यवाहक राजदूत गणेशप्रसाद ढकालले सहभागीलाई टीका र जमरा लगाइदिएका थिए। गोर्खा वेलफेयर सोसाइटी र दाङ देउखुरी वेलफेयर सोसाइटीले पनि दसैँका अवसरमा चियापान कार्यक्रम आयोजना गरेका थिए ।

सन् २०१५ मा कतारको नेपाली दसैं अझ ठूलो सार्वजनिक कार्यक्रमका रूपमा देखियो । सलवा रोडस्थित क्वालिटी हाइपर मार्केटमा आयोजित कार्यक्रममा ५०० भन्दा बढी नेपाली सहभागी भएका थिए । नेपालबाट आएका र कतारमै रहेका नेपाली कलाकारले प्रस्तुति दिएका थिए । दोहामा रहेका २० भन्दा बढी कलाकारले पनि कार्यक्रममा आफ्नो कला प्रस्तुत गरेका थिए । यसले दसैँलाई पारिवारिक भेटघाटसँगै नेपाली कला, संगीत र मनोरञ्जन जोड्ने सामुदायिक अवसरका रूपमा स्थापित गर्न सहयोग गऱ्यो ।

सन् २०१६ मा कतारको नेपाली दसैँले अर्को महत्त्वपूर्ण मोड लियो। एनआरएनए एनसीसी कतारको समन्वयमा गल्फ प्याराडाइज होटेलमा आयोजित कार्यक्रममा ६५ भन्दा बढी नेपाली संघसंस्था सहभागी भएका थिए । जिल्ला, सामाजिक, साहित्यिक तथा जातीय संस्थाको सहभागिता रहेको उक्त कार्यक्रममा दसैँसँगै तिहार, नेपाल संवत् र छठलाई पनि जोडिएको थियो । यसले पर्वहरूलाई छुट्टाछुट्टै संस्थाका कार्यक्रमबाट माथि उठाएर समग्र नेपाली समुदायलाई जोड्ने साझा सांस्कृतिक मञ्चका रूपमा विकास गर्न मद्दत गऱ्यो ।

दसैँसँग जोडिएको अर्को पक्ष श्रमिकको बिदा र फुर्सद पनि हो । सन् २०१८ मा विजयादशमी शुक्रबार परेको थियो । कतारमा साप्ताहिक बिदाको दिन भएकाले नेपाली श्रमिकका लागि त्यो दिन विशेष अवसर बन्यो । त्यही वर्ष अलखोरस्थित बरवा वर्कर्स स्पोर्ट्स कम्प्लेक्समा दसैँ, तिहार, छठ र अन्य नेपाली पर्वलाई लक्षित गरी २८ टोली सहभागी हुने खुला नकआउट फुटबल प्रतियोगिता आयोजना गरिएको थियो । यसले दसैंलाई टीका र भोजमा मात्र सीमित नराखी खेलकुद तथा सामुदायिक भेटघाटसँग पनि जोड्यो ।

कोभिड-१९ महामारीका बीच सन् २०२१ मा पनि कतारको नेपाली समुदायले दसैँ मनाउने परम्परालाई निरन्तरता दियो । नेपाली राजदूतावासमा शुभकामना आदानप्रदान तथा टीका कार्यक्रम आयोजना गरिएको थियो । महामारीका कारण अघिल्ला वर्षमा जस्ता ठूला सामूहिक गतिविधि सम्भव नभए पनि संस्कृति र परम्परा जोगाउने प्रयास जारी रह्यो । यसले दसैँ नेपाली समुदायका लागि मनोरञ्जनको अवसर मात्र नभई सांस्कृतिक निरन्तरताको माध्यमसमेत भएको देखाउँछ ।

नेपाली राजदूतावासको पछिल्लो उपलब्ध तथ्यांकअनुसार कतारमा नेपालीको संख्या ३ लाख ६४ हजार पुगेको छ । समुदायको आकारसँगै दसैँ मनाउने शैली पनि फेरिएको छ । कतै संस्थागत सामूहिक टीका आयोजना हुन्छ, कतै सांस्कृतिक कार्यक्रम र भोज, त कतै फुटबल तथा भलिबल प्रतियोगिता। श्रमिक क्याम्पमा साथीभाइ भेला भएर दसैँ मनाउने चलन पनि कायमै छ ।

तर कार्यक्रमको स्वरूप जति फेरिए पनि परदेशी नेपालीको दसैँको मूल भावना उस्तै छ- परिवारको सम्झना, आफ्नो संस्कृति र समुदायसँग जोडिइरहने चाहना । घर फर्किन नपाए पनि साथीभाइसँग टीका लगाउने, नेपाली परिकार खाने र आफन्तसँग सम्पर्क गर्ने माध्यमबाट उनीहरूले पर्वको आत्मीयता जोगाइरहेका छन् ।



















# दसैं आउँदा नेपाल सम्झिन्छु




■ प्रतिष्ठा गौतम
*अष्ट्रेलिया*


म सन् २००९ मा अस्ट्रेलिया पुग्दा नेपाली समुदाय सानो थियो । साथीहरूको घरमा जम्मा भएर टीका लगाउने, कसैको घरबाट जमरा ल्याउने र जानीनजानी सेलरोटी पकाउने दिनदेखि सन् २०१७ मा संसद् भवनमा सामूहिक दसैं मनाउने क्षणसम्मको यात्रा नेपालीको सामुदायिक एकताकै सफलता थियो ।

घरको आँगन, जमरा, रातो टीका, नयाँ कपडा, आफन्तको जमघट अनि ठुलाबडाको हातबाट थापिने आशीर्वाद- यी सम्झनाले मनलाई एकैछिनमा घर पुऱ्याउँछन् । नेपालबाट हजारौं किलोमिटर टाढा बसे पनि दसैं आउँदा मनमा गाउँघरकै चित्र उभिन्छ । यही सम्झना र आत्मीयताले प्रवासमा दसैंलाई विशेष बनाउँछ ।

म सन् २००९ मा अस्ट्रेलियाको एडिलेड आएँ । त्यो समय आजजस्तो थिएन । अस्ट्रेलियामा नेपालीको संख्या निकै कम थियो । वरिपरि नेपाली भेटिनु नै खुसीको कुरा हुन्थ्यो । अहिलेजस्तो सहज भिडियो कल, सामाजिक सञ्जाल र तुरुन्तै तस्बिर पठाउने सुविधा थिएन । दसैं आउँदा घरको याद झन् तीव्र हुन्थ्यो । फोनमा कुरा गर्न पनि समय र खर्चको ख्याल गर्नुपर्थ्यो । आवाज सुन्न पाए पनि मनका सबै कुरा कहाँ व्यक्त गर्न सकिन्थ्यो र ! घरमा रहेका आमाबुबालाई पनि हामी कसरी बसेका छौं, दसैं कसरी मनाइरहेका छौं भन्ने चिन्ता हुन्थ्यो ।

त्यतिबेला हामीसँग नेपाल थिएन, तर एक-अर्काको साथ थियो । वरिपरिका नेपाली साथीहरू नै हाम्रो परिवार बनेका थिए । दसैंमा कसैको घरमा जम्मा हुन्थ्यौं, टीका लगाउँथ्यौं, आशीर्वाद लिन्थ्यौं र सकेको खुसी बाँड्थ्यौं । आफन्त टाढा भएकाले साथीहरू नै आफन्तजस्ता भएका थिए ।

जमरा रोप्नु पनि सजिलो थिएन । सबैलाई जमरा रोप्न आउँदैनथ्यो । जसले रोपेको हुन्थ्यो, उसैको घरबाट जमरा लिन जान्थ्यौं । त्यो सानो जमरा हातमा पर्दा पनि छुट्टै खुसी लाग्थ्यो । हामी त्यसमा केवल दसैंको परम्परा होइन, नेपाल नै खोजिरहेका हुन्थ्यौं ।

खानपान अर्को चुनौती थियो । आजजस्तो इन्टरनेटमा परिकार बनाउने विधि हेरेर सजिलै पकाउन सकिने अवस्था थिएन । धेरैलाई खाना बनाउन पनि खासै आउँदैनथ्यो । तैपनि दसैंमा सेलरोटी चाहिन्थ्यो । जानी-नजानी पकाउन खोज्थ्यौं । कहिले आकार मिल्दैनथ्यो, कहिले पाक्दैनथ्यो त कहिले डढ्थ्यो । तर ती नमिलेका सेलरोटीमा पनि छुट्टै स्वाद हुन्थ्यो । ती केवल खानेकुरा थिएनन्, आमाको हातको स्वाद र घरको सम्झना थिए ।

समयसँगै प्रविधि बदलियो । भिडियो कल गर्न मिल्न थाल्यो । पहिलोपटक मोबाइलको स्क्रिनमा घरपरिवारको अनुहार देख्दा लागेको खुसी अहिले सम्झँदा पनि मन भरिन्छ । आमाको अनुहार, घरको आँगन र टीका लगाएको परिवार देख्न पाइन्थ्यो । दूरी उस्तै भए पनि मनको दूरी केही कम भएको महसुस हुन्थ्यो । तर सुरुवाती दिनमा इन्टरनेटको खर्च र सीमित सुविधाका कारण लामो कुरा गर्न पनि सोच्नुपर्थ्यो ।

हामीले खाना पकाउन सिक्यौं, सेलरोटी बनाउन सिक्यौं र एक-अर्काबाट अनुभव साट्दै अघि बढ्यौं । यसरी विदेशमै आफ्नै सानो नेपाल बनाउन थाल्यौं । त्यसबेला हाम्रो समुदाय सानो थियो । हामी आफ्नो जीवन बनाउन, एक-अर्कालाई साथ दिन र प्रवासमा नेपाली पहिचान जोगाउन संघर्षरत थियौं ।

समयसँगै नेपाली समुदाय विस्तार हुँदै गयो । नयाँ नेपाली थपिए, विभिन्न क्षेत्रमा हाम्रो उपस्थिति बढ्यो र अस्ट्रेलियाको बहुसांस्कृतिक समाजमा नेपाली समुदायको पहिचान पनि फराकिलो बन्दै गयो ।

त्यस यात्राको एउटा विशेष क्षण सन् २०१७ मा आयो । पहिलोपटक हामीलाई अस्ट्रेलियाको संसद् भवनमा समुदायका रूपमा दसैं मनाउन निमन्त्रणा गरियो । त्यो केवल एउटा कार्यक्रम थिएन, हाम्रो सामूहिक यात्राको सम्मान थियो । सन् २००९ मा साथीहरूको घरमा जम्मा भएर टीका लगाउने, कसैको घरबाट जमरा ल्याउने र जानीनजानी सेलरोटी पकाउने हामी केही वर्षपछि राष्ट्रिय महत्त्वको स्थलमा समुदायका रूपमा दसैं मनाउन पुगेका थियौं । त्यस क्षणले सानो समुदायबाट पहिचान स्थापित गर्दै अघि बढेको हाम्रो यात्रालाई सम्झायो ।



आज प्रवासमा दसैं मनाउन पहिलेभन्दा धेरै सहज भएको छ । भिडियो कलबाट परिवारसँग जोडिन सकिन्छ, सामाजिक सञ्जालमा तस्बिर बाँड्न सकिन्छ र नेपाली परिकारका सामग्री पनि सजिलै पाइन्छन् । तैपनि पुराना दिन सम्झँदा लाग्छ- त्यतिबेला सुविधा कम थियो, तर एक-अर्काका लागि समय र अपनत्व धेरै थियो । साथीहरू नै परिवार हुन्थे । कसैको घरमा टीका लगाउँदा सबै जम्मा हुन्थ्यौं र नमिलेका सेलरोटी पनि हाँस्दै खान्थ्यौं ।

सायद प्रवासका सुरुवाती वर्षले हामीलाई सिकाएको सबैभन्दा ठुलो कुरा यही हो- घर एउटा ठाउँ मात्र होइन, आफ्ना मानिससँग बाँडिएको माया र अपनत्व पनि हो । हजारौं किलोमिटर टाढा बसेर पनि साथीहरूको सानो घेराभित्र पूरा नेपाल भेटिँदो रहेछ ।

पहिले दसैं आउँदा हामी नेपाल सम्झन्थ्यौं । अहिले आफ्ना छोराछोरीलाई नेपाल सम्झाउन खोजिरहेका छौं । उनीहरूलाई टीकाको अर्थ, जमराको महत्त्व र ठुलाबडाबाट आशीर्वाद लिने परम्पराबारे सुनाउँछौं । नेपाली खाना, भाषा र संस्कृतिसँग परिचित गराउँछौं । हामीले जोगाएर ल्याएको पहिचान नयाँ पुस्तामा हस्तान्तरण गर्नु पनि प्रवासको दसैंको महत्त्वपूर्ण पक्ष बनेको छ ।

आज नेपालीहरू संसारका विभिन्न देश र सहरमा पुगेका छन् । उनीहरूसँगै दसैं र नेपाली संस्कृति पनि फैलिएको छ । नेपालबाट टाढा भए पनि निधारमा रातो टीका लाग्दा मन फेरि घरको आँगनमा पुग्छ । आमाको माया, बुबाको आशीर्वाद, दाजुभाइ-दिदीबहिनीको हाँसो र आफन्तसँगको भेटको सम्झनाले प्रवासमा पनि नेपालीपन जीवित राख्छ ।

आज नेपाली समुदायको विस्तार र नयाँ पुस्ताले संस्कृतिलाई निरन्तरता दिएको देख्दा आफ्नो यात्रा सम्झनलायक लाग्छ । सुरुमा हामीले प्रवासमा दसैं जोगाउन खोज्यौं, अहिले नयाँ पुस्ताले त्यसलाई अघि बढाइरहेको छ ।

हामी संसारभर फैलिएका छौं, तर हाम्रो संस्कृति पनि हामीसँगै फैलिएको छ । जहाँ नेपाली मन छ, त्यहीँ नेपाल छ । यस वर्षको दसैंले संसारभरका नेपालीलाई माया, सद्भाव र अपनत्वले जोडोस् । दूरी जति भए पनि मन नजिक रहून् र हामीले बोकेर ल्याएको नेपालीपन नयाँ पुस्तासम्म अझ बलियो भएर पुगिरहोस् ।


















# बसौंपछि आफ्नै आँगनमा दसैं



सन्ध्या शाह
*अष्ट्रेलिया*

> परदेशको आकाशमुनि दसैं मनाउँदा पनि मन सधैं नेपालकै आँगनमा पुग्छ । फोन र भिडियो कलले दूरी घटाए पनि आमाबुबाको हातबाट टीका थाप्ने र परिवारसँगै हाँस्ने खुसीको ठाउँ लिन सक्दैन । यसपालि भने लामो समयपछि सम्पूर्ण परिवारसहित नेपाल फर्किएर दसैं मनाउने खुसीले म उत्साहित छु ।

सन् २००९ मा अस्ट्रेलिया आएदेखि जीवनका धेरै चाडपर्व नेपालभन्दा टाढा, परदेशकै भूमिमा मनाउँदै आएकी छु । समय बित्दै जाँदा अस्ट्रेलिया हाम्रो कर्मभूमि बनेको छ । तर दसैं-तिहार आउँदा मन भने अझै नेपालकै आँगन, घरपरिवार र बाल्यकालका ती रमाइला दिनतिर पुगिहाल्छ ।

दसैं नेपालीको महान् पर्व हो । विदेशमा बसेर दसैं मनाउँदा यसको महत्व झन् गहिरो महसुस हुँदो रहेछ । नेपालमा हुँदा चाडपर्व जीवनकै स्वाभाविक हिस्सा हुन्थ्यो- घरमा जमघट, आफन्तसँग भेटघाट, टीका-जमरा, नयाँ लुगा, मिठा परिकार र ठुलाबडाको आशीर्वाद । तर परदेशमा आएपछि त्यही चाडलाई जोगाएर मनाउन आफैंले प्रयास गर्नुपर्छ ।

अस्ट्रेलियामा हामी आफन्त र साथीभाइसँग मिलेर दसैं मनाउँछौं । काम र व्यस्तताबीच समय मिलाएर भेटघाट गर्छौं । घरमा नेपाली परिकार बनाउँछौं । टीका-जमरा लगाउँछौं र नयाँ पुस्तालाई हाम्रो संस्कृति र परम्पराबारे बुझाउने प्रयास गर्छौं । त्यसैले यहाँ मनाइने दसैं एउटा पर्व मनाउनु मात्र होइन । आफ्नो पहिचान र संस्कृतिलाई अर्को पुस्तासम्म पुऱ्याउने अवसर पनि हो ।

तर विदेशमा दसैं आउँदा खुसीसँगै नेपाल र घरपरिवारको सम्झना पनि उत्तिकै गहिरो भएर आउँछ । फोन र भिडियो कलले आफन्तसँग जोडिए पनि आफ्नै घरको आँगनमा बसेर टीका लगाउनु, आमाबुबा तथा आफन्तको हातबाट आशीर्वाद लिनु र सबैसँगै बसेर हाँस्नुको आनन्द त्यसले दिन सक्दैन । त्यसैले परदेशको दसैंमा खुसीसँगै घरको सम्झनाको मिठो पीडा पनि मिसिएको हुन्छ ।



हामी नेपालबाट टाढा छौं, तर नेपाल हाम्रो मनबाट कहिल्यै टाढा भएको छैन । हरेक वर्ष दसैं आउँदा नेपाली समुदायसँग मिलेर आफ्ना संस्कार, परम्परा र मौलिकता जोगाउने प्रयास गर्छौं । यही प्रयासले परदेशमा पनि दसैंलाई आफ्नै घरको चाडजस्तो बनाइदिएको छ । परदेशमा बसेर दसैं मनाउनु मेरा लागि चाड मनाउनु मात्र होइन । यो नेपालसँगको भावनात्मक सम्बन्धलाई जीवित राख्नु, आफ्नो संस्कृतिलाई जोगाउनु र आफ्ना सन्ततिलाई आफ्नो पहिचान हस्तान्तरण गर्नु पनि हो ।

नेपालको माटो, परिवारको माया र दसैंको आत्मीयता जति टाढा भए पनि मनबाट कहिल्यै टाढा हुँदैन । त्यसैले हरेक वर्ष दसैं आउँदा अस्ट्रेलियाको आकाशमुनि बसेर पनि मनले भन्छ, 'दसैं जहाँ मनाए पनि आत्मा भने सधैं नेपालमै हुन्छ ।' तर यसपटकको दसैं मेरा लागि केही भिन्न छ । परदेशमा बसेर चाडपर्व मनाउँदै आएको लामो समयपछि यसपटक हामी सपरिवार नेपाल जाँदै छौं । आफ्ना प्रियजनसँग लामो समयपछि भेट्ने अवसर पाउँदा मन उत्साह र खुसीले भरिएको छ ।

दसैंको उमंगसँगै परिवारको साथ, आफन्तको भेट र आफ्नै घरआँगनमा बिताउने ती आत्मीय क्षणको प्रतीक्षा गरिरहेका छौं । यसपालि टीका र जमरासँगै वर्षौंदेखि मनमा सँगालेर राखेको घरको सम्झनालाई पनि आफ्नै आँगनमा पुगेर बिसाउनेछौं ।

नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था
गरिमा क्यापिटल लिमिटेड
Garima Capital Limited
(A Subsidiary of GARIMA BIKAS BANK LIMITED)
समृद्धिको सारथी
Kathmandu-1, Kamalpokhari, Nepal
Contact : +977-014529149/50, 01-5970175
Email : info@garimacapital.com
Website : www.garimacapital.com













